# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




पाथीभरा (मुक्कुम्लुङ) केबलकार विवाद

## छ बुँदे सहमतिपछि आन्दोलन र केबलकार निर्माण स्थगित



### यी हुन् सहमतिका बुँदा

- पाथीभरा केबलकारको स्टेसनमाथिको निर्माण कार्य स्थगन गर्ने र स्टेसनका सन्दर्भमा माघ २७ गते हुने वार्तामा विस्तृत छलफल गर्ने
- आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क र प्रभावकारीरूपमा स्वास्थ्य उपचार गर्ने
- १२ माघमा फुङ्लिङ नगरपालिका ११ को बलुडाँडामा भएको गोली प्रहारका घटनाको छानबिन गर्ने
- आन्दोलनका क्रममा थुनामा रहेका थुनुवा बन्दीहरूको विनासर्त तत्काल रिहाइको प्रक्रिया प्रारम्भ गर्ने
- आन्दोलनरत पक्षले पनि अनिश्चितकालीन यातायात बन्द स्थगन गर्ने
- मुक्कुम्लुङ संरक्षक पक्षधरहरूबाट वार्ताका दौरानमा माग भएका पाथीभरा केबलकार आयोजना निर्माणमा रहेका असहमतिलगायत विषयका सम्बन्धमा विस्तृत छलफल २७ माघको ११ बजे बस्ने

■ **जेबी योञ्जन**

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा केबलकार निर्माण कार्य तत्कालका लागि रोकिने भएको छ । आन्दोलनरत 'नो केबलकार' पक्षको मागअनुसार सरकारी वार्ता टोली लचक भएर केबलकार निर्माण कार्य रोकाउन सहमत भएको हो । विस्तृत वार्ता भने यही २७ माघमा हुने भएको छ ।

यससँगै आन्दोलनकारीले अरुण-सभाखोला पूर्वका जिल्लाहरूमा गर्दै आएको बन्दका कार्यक्रम फिर्ता लिएका छन् । सहमतिपत्रमा सरकारी वार्ता टोलीका संयोजक रहेका सहसचिव प्रेमप्रसाद भट्टराई र 'नो केबलकार' पक्षबाट वार्ता सहजीकरण समितिकी सरस्वता सिंगकले हस्ताक्षर गरेका छन् ।

सहमतिको पहिलो बुँदामा पाथीभरा केबलकारको स्टेसनमाथिको निर्माण कार्य स्थगन गर्ने र स्टेसनका सन्दर्भमा माघ २७ गते हुने वार्तामा विस्तृत छलफल गर्ने उल्लेख छ । सोमबार बसेको बैठकमा आन्दोलनरत पक्षको यो मागबारे सरकारी वार्ता टोली असहमत थियो । त्यसपछि छलफल विनानिष्कर्ष टुंगिएको थियो । तर, मंगलबार अबेर भने सरकारी वार्ता टोली लचक भएर केबलकार निर्माण कार्य स्थगन गराउन सहमत भएको वार्ता सहजीकरण समितिमा रहेका राम मादेनले बताए । उनका अनुसार आन्दोलनका क्रममा घाइते

क्रमशः पृष्ठ २ मा

# चितवनमा रविलाई लागेन संगठित अपराधको मुद्दा ठगीमा पनि छैन बिगो दाबी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कास्की, काठमाडौं र रूपन्देहीपछि पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध जिल्ला अदालत चितवनमा मुद्दा दर्ता भएको छ । गोरखा मिडिया नेटवर्क सञ्चालनका क्रममा सहकारीको रकम अपचलन गरेको अभियोग लागेका लामिछानेसहित १५ जनाविरुद्ध मंगलबार चितवन जिल्ला अदालतमा मुद्दा दर्ता भएको हो ।

सहकारीको बचत अपचलन प्रकरणमा अरु अदालतमा संगठित अपराधको मुद्दासमेत लागेको लामिछानेलाई जिल्ला सरकारी वकिल कार्यालय चितवनले भने ठगी मुद्दामात्र दायर गरेको हो । 'मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा १ र २ विपरीत कसूर गरेकोले दफा २४ को उपदफा ३ (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको,' जिल्ला सरकारी वकिलले दर्ता गरेको अभियोगमा उल्लेख छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४९ को उपदफा १ मा 'कसैले ठगी गर्न वा गराउन हुँदैन' भनेर उल्लेख गरिएको छ । यता उपदफा २ मा 'उपदफा (१)को प्रयोजनका लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाइ, झुक्याइ वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुर्‍याएमा वा आफ्नो वा अरु कसैका लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिने छ' भनिएको छ ।

उपदफा ३ को (ग) मा भने सात वर्षसम्म सजाय हुने उल्लेख गरिएको छ । 'खण्ड (क) वा (ख) मा लेखिएकोबाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना,' उक्त बुँदामा भनिएको छ ।

उनको हकमा बिगोसमेत दाबी गरिएको छैन । साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेको अभियोगमा व्यक्तिबाहेक छ वटा संस्थाविरूद्ध पनि अदालतमा मुद्दा दर्ता गरेको छ ।



- लामिछानेको एकल दस्तखतबाट ८१४ वटा चेक काटेको र सोमार्फत ४८ करोड ५८ लाख २२ हजार २४६ भुक्तानी भएको बैंक स्टेटमेन्ट र चेक विवरणबाट पुष्टि
- गोरखा मिडिया नेटवर्कको बैंक खाताबाट लामिछानेसहितको हस्ताक्षरमा काटिएको चेकमार्फत उनकी पत्नी नीकिता पौडेललाई ५९ लाख ३८ हजार २५१ र गोपीकृष्ण मुभिजको नाममा दुई वटा चेकमार्फत ८१ लाख २५ हजार रकम भुक्तानी
- लामिछानेसहितका व्यक्तिलाई धरौटीमा छाड्न दिएको काठमाडौं जिल्ला अदालतको आदेश त्रुटिपूर्ण भएको भन्दै सरकारी वकिलको कार्यालय काठमाडौं उच्च सरकारी वकिलको कार्यालय पाटनमा

### नीकिता र गोपीकृष्ण मुभिजको नाममा डेढ करोड भुक्तानी

अभियोगपत्रमा लामिछानेले उनकी पत्नी नीकिता पौडेललाई करिब ६० लाख रूपैयाँ भुक्तानी गरेको देखाएको छ । यसैगरी उनले गोपीकृष्ण मुभिजको नाममा ८१ लाख रूपैयाँभन्दा बढी रकम भुक्तानी गरेको अभियोगपत्रमा उल्लेख छ । गोपीकृष्ण मुभिज लामिछानेका ससुराली उद्धव पौडेलको हो । 'गोरखा मिडिया नेटवर्कको बैंक खाताबाट लामिछानेसहितको हस्ताक्षरले काटिएको चार वटा चेकमार्फत नीकिता पौडेललाई ५९ लाख ३८ हजार २५१ र गोपीकृष्ण मुभिजको नाममा दुई वटा चेकमार्फत ८१ लाख २५ हजार रकम भुक्तानी दिएको देखिन्छ,' अभियोगपत्रमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## थुनामै राख्न माग गर्दै उच्च अदालतमा

**काठमाडौं (प्रस)–** जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहितका व्यक्तिलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने मागसहितको फाइल उच्च सरकारी वकिलको कार्यालय पाटनमा पुर्‍याएको छ । सहकारी ठगी प्रकरणमा मुछिएका लामिछानेसहितका व्यक्तिलाई धरौटीमा छाड्ने काठमाडौं जिल्ला अदालतको आदेश त्रुटिपूर्ण भएको भन्दै काठमाडौंले उच्च सरकारी वकिलको कार्यालय पाटनमा फाइल बुझाएको हो ।

सरकारी वकिल काठमाडौंले उच्च सरकारी वकिलको कार्यालय पाटनमा फाइल बुझाइसकेको र आइतबारसम्म उच्च अदालत पाटनमा निवेदन दर्ता गर्ने तयारी भएको बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# त्रिपक्षीय प्रतिस्पर्धातर्फ वैदेशिक रोजगार व्यवसायी संघको चुनाव

### प्रगतिशीललाई एकीकृत र तराई फोरमको साथ, लोकतान्त्रिकमा 'एकल उम्मेदवार' बनाउन सकस, गणतान्त्रिक मञ्च एक्लै मैदानमा उत्रँदै

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूको संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनमा त्रिपक्षीय भिडन्त हुने देखिएको छ । मंगलबारसम्म विभिन्न राजनीतिक दलसम्बद्ध व्यवसायीहरूले गरेका तयारी बुझ्दा तीन पक्षबीच नेतृत्वका लागि प्रतिस्पर्धा हुने देखिएको हो ।

प्रमुख सत्तापक्षीय दलहरू नेकपा एमाले र नेपाली कांग्रेसनिकट व्यवसायीहरू छुट्टाछुट्टै चुनावमा होमिने भएका छन् । अर्कोतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रनिकट व्यवसायी एक्लै अगाडि बढ्ने तयारीमा लागेका छन् । एकीकृत समाजवादीनिकट व्यवसायी भने एमालेनिकटसँग सहकार्यमा जुटेका छन् ।



भूवनसिंह गुरुङ



नरेश गेलाल



रामप्रसाद भान्तना

यसपटक संघको नेतृत्व लिन नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाली कांग्रेसनिकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र माओवादीनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका उम्मेदवार नै मुख्य प्रतिस्पर्धी बन्ने भएका छन् । प्रगतिशीलले संघका पूर्वअध्यक्ष तथा मञ्चका पूर्वमहासचिव नरेश गेलाललाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरिसकेको छ ।

लोकतान्त्रिक एसोसिएसनले संघका पूर्वद्वितीय अध्यक्ष भूवनसिंह गुरुङलाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको छ । तर उक्त निर्णयसँगै एसोसिएसन आन्तरिक विवादमा फसेको छ । अध्यक्षको उम्मेदवार बन्न आकांक्षीहरू धेरै हुँदा लोकतान्त्रिकलाई एकल उम्मेदवार बनाउन सकस पर्ने देखिएको छ । जसले गर्दा अघिल्लो चुनावमा जस्तै 'बागी' उम्मेदवार उठ्ने सम्भावना बढेको छ ।

माओवादी केन्द्रनिकट गणतान्त्रिक मञ्चले भने संघका पूर्वप्रथम उपाध्यक्ष रामप्रसाद भान्तनालाई अध्यक्षमा उठाउने तयारी गरेको छ । मञ्चबाट महासचिवमा कुन्छादोर्जे डिम्दोङसहित केही पदाधिकारी र सदस्यहरू टुंग्याए पनि सबै टुंगो लाग्न बाँकी रहेको जनाएको छ ।

### प्रगतिशील र एकीकृतबीच सहकार्य

प्रगतिशील र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच सहकार्यको सहमति बनेको छ । तराई वैदेशिक रोजगार फोरमले पनि प्रगतिशीलका उम्मेदवारलाई समर्थन गर्ने भएको छ ।

प्रगतिशीलसँग ३५० को हाराहारीमा मत रहेको दाबी गरिएको छ । एकीकृतले १०० र तराई फोरमले करिब ६० मत रहेको दाबी प्रस्तुत गरेका छन् । यदि यो दाबी सही भए प्रगतिशील नेतृत्वको प्यानललाई चुनाव जित्न सहज हुने व्यवसायीहरू बताउँछन् । अर्कोतर्फ चुनावको सम्मुखमा लोकतान्त्रिक एसोसिएसनभित्रको आन्तरिक कलहले प्रगतिशीललाई फाइदा हुने उनीहरूको भनाइ छ । अघिल्लो चुनावमा पनि लोकतान्त्रिकको आन्तरिक कलहको लाभ प्रगतिशीलले उठाएको थियो ।

क्रमशः पृष्ठ २ मा




# क्यान्सरविरुद्ध खोप अभियान सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले विश्व क्यान्सर दिवसका अवसरमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानको शुभारम्भ गरेका छन् । बालुवाटरस्थित शिवपुरी उच्च माध्यामिक विद्यालयमा मंगलबार आयोजित एक कार्यक्रममा काठमाडौं महानगरपालिका-३ स्वस्थ्यकर्मीलाई खोपसामग्री प्रदान गरेर अभियानको शुभारम्भ गरेका हुन् ।

किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउनका मंगलबारदेखि फागुन ६ गतेसम्म खोप अभियान सञ्चालन गर्दै छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मुलुकमा हरेक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सर हृयुमनपापिलोमा भाइरस संक्रमणले हुन्छ । नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा छ ।

### "नेपाललाई स्वस्थ बनाउन एचपिभी खोप अभियान"

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पाठेघरको क्यान्सरविरुद्धको 'एचपिभी' खोप अभियान नेपाललाई भविष्यमा स्वस्थ बनाउन सुरु गरिएको बताएका छन् । उनले यो खोपबाट कोही पनि किशोरी वञ्चित हुन नदिन सबैले आ-आफ्नो ठाउँबाट प्रचारप्रसार र सहयोग गर्न आग्रह गरे ।

मंगलबार एचपिभी खोप अभियान २०८१ को शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले भने, 'देशैभर खोप र जनशक्ति पुगेकाले लक्षित वर्ग खोपबाट नछुटून् भन्ने उद्देश्य सरकारको छ, निरोगी नेपाल बनाउन यसले सहयोग पुऱ्याउने छ, भविष्यमा नेपाललाई स्वस्थ बनाउन अभियानले काम गर्ने छ ।'

स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेलले पाठेघरको मुखको क्यान्सरको समस्या सधैंका लागि समाधान गर्ने उद्देश्यले खोप अभियान सुरु गरिएको बताए । उनले भने, 'हरेक वर्ष हामीले नियमित खोप तालिकामार्फत यो खोप किशोरीहरूलाई दिने छौं, प्रत्येक बालबालिकाको सुरक्षित भविष्य बनाउने सुनिश्चितता गर्न चाहन्छौं ।'

कार्यक्रममा स्वास्थ्य विभागका महानिर्देशक डा. विकास देवकोटाले १४५ देशमा प्रयोग भइरहेको यो खोप नेपालले पनि समावेश गर्न पाउँदा गर्व लागेको बताए । उनले भने, 'देशमा नसर्ने रोगको भार बढिरहेको छ, जसमा क्यान्सरको भार झन् बढ्दो छ, हरेक दिन छ जनामा पाठेघरको मुखको क्यान्सर देखिने र चार जनाको मृत्यु हुने गरेको छ, त्यसैले किशोरावस्थामा नै एचपिभी खोप अभियान सुरु गरेका हौं, यो विद्यालय केन्द्रित खोप अभियान हो, छुटेका र विद्यालय बाहिरका छात्रालाई खोप दिइने छ ।

मन्त्रालयले मंगलबारदेखि देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियान आगामी फागुन ६ गतेसम्म देशभर सञ्चालन गरेको छ । कूल १६ लाख ८८ हजार ७६८ किशोरीलाई खोप दिइने लक्ष्य सरकारको छ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिन लागिएको हो ।

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल माघ महिना २३ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **सिद्धि विनायक मल्टिनेशनल बिल्र्डस कम्पनी प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : आयुष श्रेष्ठ दर्ता मिति : २०७९/१२/१३ दर्ता नं. : ३०९८१९/०७९/०८०
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेशवर, काठमाडौं
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६१०४७४०४८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जगत कृष्ण श्रेष्ठको नाति लोकेन्द्र कृष्ण श्रेष्ठको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **आयुष श्रेष्ठ** (ना.प्र.नं. : ३७-०२-७१-१०४७३, जारी मिति र जिल्ला : २०७१/०३/१२, रुपन्देही)

२) बृख मान श्रेष्ठको नाति जगत कृष्ण श्रेष्ठको छोरा पाल्पा जिल्ला तानसेन वडा नं. ७ हाल, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **लोकेन्द्र कृष्ण श्रेष्ठ** (ना.प्र.नं. : १०६०, जारी मिति र जिल्ला : २०३२/१२/०६, पाल्पा)

३) जगत कृष्ण श्रेष्ठको नाति लोकेन्द्र कृष्ण श्रेष्ठको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **अनुभव श्रेष्ठ** (ना.प्र.नं. : ३७-०२-७५-०८२१२, जारी मिति र जिल्ला : २०७५/१२/०८, रुपन्देही)

४) हरि प्रसाद श्रेष्ठको छोरी जगत कृष्ण श्रेष्ठको बुहारी लोकेन्द्र कृष्ण श्रेष्ठको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **विजय लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. : ९६०८, जारी मिति र जिल्ला : २०५७/०३/०९, रुपन्देही)

**२) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **ए.एम.के. हार्डवेयर एण्ड फर्निचर प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : आयुष श्रेष्ठ
दर्ता मिति : २०७९/०५/०५
दर्ता नं. : २९६८४४/०७९/०८० दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेशवर, काठमाडौं
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६१०३४४३१६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खड्क बहादुर थापाको नाति खम बहादुर थापाको छोरा रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **नुम बहादुर थापा** (ना.प्र.नं. : २०६२७-गुल्मी जारी मिति र जिल्ला : २०५८/०४/३०, रुपन्देही)

२) यम प्रसाद पुनको छोरी खम बहादुर थापाको बुहारी नुम बहादुर थापाको पत्नी रुपन्देही जिल्ला तिलोत्तमा वडा नं. ६ हाल, तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **मनिषा पुन थापा** (ना.प्र.नं. : ३७१०१४/३६४७० जारी मिति र जिल्ला : २०६५/०४/०५, रुपन्देही)

३) खड्क बहादुर थापाको नाति खम बहादुर थापाको छोरा गुल्मी जिल्ला हरेवा वडा नं. ३ हाल, तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **थीर बहादुर थापा** (ना.प्र.नं. : ५६१६ जारी मिति र जिल्ला : २०५३/०३/०३, गुल्मी)

४) भक्त बहादुर रानाको छोरी खम बहादुर थापाको बुहारी थिर बहादुर थापाको पत्नी गुल्मी जिल्ला हरेवा वडा नं. ३ हाल, तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **कुमारी थापा** (ना.प्र.नं. : ४१३०३७/२३५ जारी मिति र जिल्ला : २०६३/११/०५, गुल्मी)

**३) शाखा कार्यालय : ईनरुवा शाखा** — **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **पार्वती ट्रेडर्स** साझेदारीको नाम : १) विराजन नेपाल २) रामभक्त गौतम
दर्ता मिति : २०७७/०८/२५
सा.फ.र.नं. : २०७/०७७/०७८ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उधोग कार्यालय ईटहरी, सुनसरी
रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. ५ स्थायी लेखा नं. : ६१४४६०१८०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चन्दकान्त नेपालको नाति बलराम नेपालको छोरा सुनसरी जिल्ला भा.सी. वडा नं. ५ हाल, रामधुनी न.पा. वडा नं. ५ बस्ने **विराजन नेपाल** (ना.प्र.नं. : ०६१०३४/१४५२०० जारी मिति र जिल्ला : २०६६/०९/२३, सुनसरी)

२) उमाकान्द गौतमको नाति पर्शुराम गौतमको छोरा ईलाम जिल्ला शिद्धिथुम्का वडा नं. ७ हाल, कन्काई न.पा. वडा नं. ३ बस्ने **रामभक्त गौतम** (ना.प्र.नं. : ६६९/१७७२ जारी मिति र जिल्ला : २०४३/१०/२५, ईलाम)

३) विश्व मित्र ढकालको छोरी पर्शुराम गौतमको बुहारी रामभक्त गौतमको पत्नी ईलाम जिल्ला शिद्धिथुम्का वडा नं. ७ हाल, कन्काई न.पा. वडा नं. ३ बस्ने **मिना गौतम** (ना.प्र.नं. : १६११९ जारी मिति र जिल्ला : २०५१/०९/१५, ईलाम)

४) पर्शुराम गौतमको नाति रामभक्त गौतमको छोरा झापा जिल्ला सुरुङ्गा वडा नं. ९ हाल, कन्काई न.पा. वडा नं. ५ बस्ने **मित्रलाल गौतम** (ना.प्र.नं. : ०४-०१-७०-२२८०७ जारी मिति र जिल्ला : २०७०/०९/०९, झापा)

५) रामभक्त गौतमको छोरी बलराम नेपालको बुहारी विराजन नेपालको पत्नी झापा जिल्ला सुरुङ्गा वडा नं. ९ हाल, सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. ५ बस्ने **प्रीजा गौतम** (ना.प्र.नं. : ०४-०१-७०-२२८१० जारी मिति र जिल्ला : २०७०/०४/०९, झापा)

६) वेदनाथ नेपालको नाति चन्द्रकान्त नेपालको छोरा भोजपुर जिल्ला गोगने वडा नं. ५ हाल, सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. ५ बस्ने **वलराम नेपाल** (ना.प्र.नं. : ५४८/७४०/९६ जारी मिति र जिल्ला : २०४०/०४/२२, भोजपुर)

७) चन्द्रकान्त नेपालको बुहारी बलराम नेपालको पत्नी भोजपुर जिल्ला गोगने वडा नं. ५ हाल, सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. ५ बस्ने **पार्वती देवी नेपाल** (ना.प्र.नं. : १७/७८३ जारी मिति र जिल्ला : २०४६/०२/२१, भोजपुर)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## Invitation of Electronic Bids

# Urlabari Municipality

## Office of Municipal Executive

**Urlabari, Morang**
**Koshi Province, Nepal**

**Date of Publication: 2081/10/23(5th January 2025)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-BoxCulvert-Ward8-W-NCB-23-081/82 | Santhi Khadi Culvert Nirman majhi tole, urlabari-8, Morang | 30,96,105.98 | 69,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# Kumaki Rural Municipality

## Office of Rural Municipal Executive

**Ragechaur, Salyan**

**Kamali Province**

## Invitation for Bids

**Date of publication: 2081/10/23 (2025/02/05)**

Invitation for Bids for the: Nainthala khanepani Aayojana Construction Work Kumakh Rural Municipality Office, Salyan invites only electronic bids from Nepalese eligible bidders for the construction of below mentioned work under National Competitive Bidding procedures.

| S.No | Contract No. | Description | Bid Security | Exclusive of VAT and Contingencies | Bid Document Deposit fee NRs |
|---|---|---|---|---|---|
| 1. | KRM-NCB-W-07/2081/082 | Nainthala khanepani Aayojana | 200000 | 6879746.77 | 3000 |

1. Eligible Bidders may obtain further information & inspect the bidding document at Kumakh Rural Municipality, Office of Rural Municipal Executive, Ragechaur Salyan. Phone: 9857844801/9844832414 Email: ito kumakh2073@gmail.com or may visit PPMO website www.bolpatra.gov.np.
2. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit NRs.3000 for the cost of bidding document in the project Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids.
   Name of the Bank: Himalayan Bank Ltd, Kumakh Branch
   Name of Office: Kumakh Rural Municipality, Ragechour Salyan
   Account Name : Kumakh Gaupalika Antarik Rajashwo Khata
   Rajaswa (revenue) Account No: 05907797630011
   Office Code : 305016001
   Revenue Code Number: 14229
3. Electronic bids must be submitted to the office Kumakh Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon 2081/11/23 (06-03-2025). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidder's representatives who choose to amend at 13:00 Hrs on 2081/11/23 (06/03-2025) at the Kumakh Rural Municipality Office, Salyan. Bids must be valid for a period of 90 day's and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of above bids security, which shall be valid for 30 day's beyond the validity period of bid.
5. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नैतिकता बिर्सिएका पूर्वउपराष्ट्रपति

**संघीय संविधान जारी भएसँगै नेपालमा राष्ट्रपति र उपराष्ट्रपति नयाँ संस्थाको रूपमा आए । दुवै सम्मानित पद हुन् । राष्ट्रपति र उपराष्ट्रपति भएपछि राजनीतिक दलको सदस्यतामात्र हैन राजनीति नै छाड्नुपर्ने हुन्छ । यो संवैधानिक व्यवस्था हो । यद्यपि यस्तो पदमा पुगेर पदमुक्त भएपछि के गर्न हुन्छ वा हुँदैन भन्ने प्रस्ट छैन ।**

**यसरी प्रस्ट नभए पनि नैतिक हिसाबमा राष्ट्रपति वा उपराष्ट्रपति सक्रिय राजनीतिमा फर्कन हुन्न भन्ने मान्यता छ । तर यसको ठीक विपरीत पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन भने 'कमब्याक' भएका छन् । पुन किन राजनीतिमा फर्किए भन्ने कुरा अर्को विषय हुन सक्ला, तर राज्यको सम्मानित पदमा दुई–दुई पटक राज गरिसकेका व्यक्ति यसरी सक्रिय राजनीतिमा फर्कनु सकारात्मक सन्देश जाने खालको कदम हैन ।**

**एक त पुनको यो कमब्याकले नेकपा माओवादी केन्द्रलाई नै घाटा हुन्छ । कारण हरेक पार्टीले नवीकरण खोजिरहेको हुन्छ । नयाँ उत्साहसहितको नेता पार्टीले खोजिरहेको बेला पुरानै नेता जसले अवसरहरूको उपयोग गरिसकेका छन् उनैलाई पुनः राजनीतिको उच्च तहमा राख्नु उचित हुन्न । यसले पार्टीलाई गतिशील त बनाउँदै बनाउँदैन । बरु पद र प्रतिष्ठाको अभिलाषा लिएर दलगत राजनीति गर्नेहरू निराश हुन्छन् ।**

**यो माओवादीको हितका लागि भयो । यदि आफ्नो दललाई बलियो र अर्को पुस्तालाई आकर्षणको केन्द्रबिन्दु बनाउने हो भने पुनले तत्काल आफूलाई दिएको जिम्मेवारी अस्वीकार गर्नुपर्छ र माओवादीका बैठकहरूमा जानु हुँदैन । दलमा अथक योगदान दिएको सम्झने हो भने उनले जति अवसर अरुले पाएका छैनन् जो उनीझैं दलगत राजनीतिमा होमिएका थिए । अर्को विषय आफ्नो गुनगान गाउने भजनमण्डली तयार गर्ने माओवादी अध्यक्ष पुष्पकमल दाहालको हत्कण्ड हो भने यो पनि ठीक हुन्न । किनभने पुन आफ्नो छोरा दीपेश पुनका कारण विवादमा तानिएका छन् । भोलि सहकारी प्रकरण पुनः बल्झिँदा पुनले राजनीतिबाट हात धुनुपर्ने अवस्था आउन सक्छ ।**

**हुन त पुनकै पालामा दुई–दुई पटक राष्ट्रपति बनेकी विद्यादेवी भण्डारीसमेत राजनीतिक मैदानमा आउने तयारी गरिरहेकी छन् । एकै ब्याचकी भण्डारी सर्वोच्च पदमा पुगेकी पहिलो महिला पनि हुन् । उनी अघि डा. रामवरण यादव राष्ट्रपति । यादव धनुषामा शक्तिशाली राजनीतिक नेताका रूपमा चिनिन्छन् । तर उनले कहिल्यै पनि सक्रिय राजनीतिमा आउने चाहना राखेनन् । राष्ट्रपति भण्डारी र उपराष्ट्रपति पुनले यसबाट पाठ सिक्ने कि ?**

## आर्यसत्ता रहेसम्म समाजवाद असम्भव



■ सरोजदिलु

> एउटा खास धर्म वा सत्ताले ल्याउने कुनै वादले अधिकार दिँदैन । त्यो भन्ने कुरा मात्र हो । समाजवादका लागि त सत्ता सहभागिता नै सर्वोपरि हो । शोषित-उत्पीडित समुदायले शक्तिका लागि सत्तामै पुग्नुपर्दछ । डा. भीमराव अम्वेकरको यो भनाइलाई आत्मसात् गर्ने हो भने दलितहरु अब माथिल्ला जाति-समूहका काल्पनिक वादहरूका विषयमा मात्र अलमलिने होइन, सत्ता-साझेदारिताकै लागि संगठित भएर लड्नुपर्दछ । सत्ताको पहुँचमा पुगेपछि आफू अनुकूलको वाद बनाउन सकिन्छ । त्यो समाजवाद पनि हुनसक्छ । त्यसका लागि दलित वा अन्य उत्पीडितहरूले सामाजिक र राजनीतिक क्रान्ति गर्नुपर्दछ ।

सिन्धु-सभ्यतायतादेखिको अध्ययन गर्दा आर्यहरूको सत्ताको स्रोत धर्म थियो । उनीहरूले धेरै राज्यहरूमा धार्मिक क्रान्तिकै आधारमा सत्ता प्राप्त गरेका थिए । धर्मको आडमा जरो गाडेर बसेका ती परम्परागत सामन्त आर्यहरूलाई हल्लाउन नसकेपछि नवआर्य कम्युनिस्टहरूले भने कहिले मार्क्सवाद, कहिले लेनिनवाद, माओवाद त अहिले आएर समाजवादको नारालाई सत्ता प्राप्तिको आधार बनाउँदै आएका छन् ।

आधुनिक नेपालको इतिहासमा दलित उत्पीडितहरूको सत्ता कहिल्यै स्थापना भएन । दलितले सत्ता निर्माणमा धर्मलाई आधार बनाउन सकेन । किनकि उनीहरूको आफ्नो धर्म छैन । नवआर्यहरूले समेत विभिन्न वादहरूको आडमा दलितलाई उद्वेलित गरेता पनि सत्तामा पुग्न दिएनन् । ती वादहरूको नेतृत्व गर्नेहरूले दलितलाई फेरि झुक्याए । तिनले संघर्षमा निर्णायक भूमिका खेलेका यी उत्पीडित जाति-समूहको योगदान र सक्षमतालाई नकार्दै आए । उनीहरूको बलिदानीलाई नकार्नु वा योगदानको सम्मान नगर्नु उही आर्यधर्म हो, जसले जातको आधारमा आफूलाई मात्र सक्षम र सर्वोपरि देख्छ । अन्ततः घुमाइफिराइ उनै आर्यहरू नै सत्तामा रहिरहन्छन् र दलित-उत्पीडितहरूलाई विषय पात्रमात्र बनाइरहन्छन् ।

### आर्यसत्ताको चरित्र

हिन्दू भनिएको धर्म खासमा आर्य धर्म हो । आर्य पहिले द्रविड सभ्यतामाथि बलपूर्वक दमन गरेर सत्ता स्थापित गरेका विकसित पश्चिमा मुस्लिमहरूको मात्र संगठन थियो । पछि उसले धर्म लेख्यो, ईश्वरहरूको सिर्जना गऱ्यो अनि आफैंलाई ब्राह्मण बनायो । विभिन्न धर्मशास्त्र आफैंले लेखेर ब्राह्मण भन्ने जात देवताको स्वरूप, मनुष्यहरूमा पनि पवित्र मनुष्य, सबै जीवजगतमा राज गर्न सक्ने मान्यता स्थापित गर्न सफल भएपछि त्यसमा खसहरू क्रमशः मिसिए । त्यसपछि मात्र आर्य भनेको बाहुन क्षेत्रीको संगठन बनेको हो । हिन्दू त संस्कृति हो, सिन्धू सभ्यताको विकास हो, जसमा सबै जातजाति जोडिँदै-बाँधिदै आएका हुन् । त्यसबाट अब कसैले एक अर्कालाई अलग गर्नै सक्दैनन् । तर यस सभ्यताको नेतृत्व एउटा जात अर्थात् आर्यले गर्दै आयो, यो चाहिँ दुखद् पक्ष हो । जबकि आर्यको वीरता भनेकै चलाखी गर्नु, धूर्तता अपनाउनु या कसैलाई धोका दिएर स्वार्थसिद्ध गर्नु वा ठूला व्यक्तिले सानालाई दमन गर्नु या ताकतवरले कमजोरलाई मारिरहनु हो । अमानवीय व्यवहार वा अत्याचार गर्नु, दोहोरो चरित्र देखाउनु, लाज नमानी अरुलाई धोका दिइरहनु, अरुमाथि दाउपेच गरिरहनु र त्यसलाई निर्लज्ज तरिकाले सय पटक सत्य-सत्य भनेर जितिरहनुमा नै उनीहरू विद्वता ठान्दछन् । त्यसकै आधारमा उनीहरू जतिसुकै अपराध गरे पनि दण्डमुक्त रहन्छन् । ओली सरकारको चरित्रलाई हेर्दा यो सजिलै पुष्टि हुन्छ ।

आर्य चतूर मात्र हो, बहादुर होइन । आर्यवादीहरू खासगरी आफ्नो शरीर, आफ्नो सामाजिक जीवन र सम्पत्तिलाई मात्र स्वाधीन मान्दछन् न कि देशलाई । जबजब राष्ट्रिय स्वाभिमानको अन्तिम लडाइँ हुन्छ त्यसबेला आर्यसत्ता कि भाग्दछ कि त आत्मसमर्पण गर्दछ । तर त्यही धर्मभित्रका गैरआर्यहरू मृत्यु रोज्दछन् तर आत्मसमर्पण गर्दैनन् । उनीहरू जीवन, सम्पत्ति, सत्ताभन्दा आफ्नो भूमि महान हो भन्ने ठान्दछन् । गैरआर्यहरूको त्यही राष्ट्रिय स्वाभिमानको बलमा आर्यहरूले आजसम्म राज गर्दै आएका हुन् ।

त्यो आर्यसत्ताले एउटै सभ्यताभित्रका उही धर्म मान्नेहरूलाई समेत शुद्र बनाएर राज गर्दै आएको छ । पछिल्लो राजनीतिमासमेत वर्ग समानता र विभिन्न वादहरूका नाममा आफ्ना लागि आफैंले मात्र शासन गर्दै आएको छ । भोलि समाजवाद आयो भने पनि उत्पीडित र श्रमजीवी जनतामाथि उसैले राज गर्ने हो । दलित-उत्पीडितहरूलाई उही हली र गोठालासरह नै बनाउने हो ।

गैरआर्यहरूमा एकताको सुव्यवस्थित (अर्गानिक) तत्त्व हुन्छ । त्यो आफ्ना समाजका लागि लचिलो पनि हुन्छ र जताततै जोडिन सक्छ । तर आर्यहरू जातका लागि कडा तत्त्व भएका हुन्छन् र यिनीहरूमा धार्मिक नैतिकता पनि हुँदैन । फाइदा हुन्छ भने नैतिकता, इमान-धर्म सबै बेचिदिन्छन् । यसर्थ आर्यहरूले आफ्नै नैतिकताकै निर्माण गर्न सकेनन् भने तिनले के समाजवाद निर्माण गर्लान् ?

### आर्यसत्ता र समाजवाद विपरीत ध्रुव

आर्यसत्ताको मूल लक्ष्य भनेको जुनसुकै एकाइमा आफू सर्वोपरि रहनु । राज्यको संरचनामा, स्रोतहरूमा, स्वामित्वमा, उपभोगको रजगजमा आर्यहरूले आफूलाई पहिलो भागिदार ठान्दछन् । ऊ श्रम र उत्पादन गर्ने वा पसिना बगाउने जाति होइन । उसलाई उसको धर्मले नै श्रम नगर्नु, उत्पादन नगर्नु भनेको छ । धर्म पनि मान्ने अनि उत्पादनमा पनि लाग्ने वा पसिना पनि बगाउने भन्ने विपरीत कुरा हुन् । समाजवादको आधार त समान उत्पादन र समान सम्पत्तिको वितरण हुन्छ । उसले धर्म छाडेर वा जात त्यागेर उत्पादनमा लाग्नैपर्ने हुन्छ । ऊ मजदुरसरह औजार वा मेसिनहरू बोकेर मैदानमा खट्नुपर्छ । आर्यले यसो गर्न मान्दैन, जान्दैन पनि । किनकि उसको धर्मले उसलाई श्रीपेचमाथि राखेको हुनाले सामान्य श्रमिक हुन ऊ किन तयार हुन्छ र ? फेरि समाजवादमा आफ्नो सम्पत्तिसमेत त्याग गर्न तयार हुनुपर्छ ।

अब यत्रो वर्षदेखि मौजा जमाएर, जतासुकै अड्डा कसेर मोजमस्ती र रजाइँ-कजाइँ गर्दै आएको ऊ, अब त्यो विरासत किन गुमाउन चाहन्छ र ? समाजवादमा त दलितको सरकार मान्न तयार हुनुपर्छ, महिलाको नेतृत्व स्वीकार गर्न सक्नुपर्छ । मधेसी वा जनजातिको नीति निर्देशनलाई सम्मान गर्नुपर्छ । तल्लो वर्गमा रहेका मानिसहरूलाई सत्तामा राखेर आफू मजदूर हुन पनि तयार हुन सक्नुपर्छ । केपी ओली, माधव नेपाल वा झलनाथ खनाल, शेरबहादुर देउवा वा रवि लामिछानेहरूको ब्रह्मले यो त्याग गर्न मान्लान् ? मान्दैनन् । त्यसैले आर्यसत्ता र समाजवाद परस्पर विरोधी कुरा हुन् ।

### आर्य जातिभित्र वर्गीय क्रान्ति हुँदैन

समाजवाद भनेको उत्पीडित, शोषित र सत्ताको पहुँच नहुने वर्गको सत्ता-साझेदारी गर्ने हो । उत्पीडित, मधेसी, आदिवासी, दलित, महिला र अरु सडकमा हिँड्नेहरूको सत्ता स्थापना गर्ने हो । समाजवादी सत्ता स्थापना गर्ने पहिलो आधार सम्पत्तिको सामान्यीकरण हो । सम्पत्तिलाई ती सामान्य जनताको पहुँचमा नपुऱ्याइकन वर्ग-समानता स्थापना हुन सम्भव छैन । त्यसैले सम्पत्तिको पहिलो आधार भनेको जमिन हो र जमिनमा सबैको समान पहुँच हुनुपर्दछ । नाफाको एकाधिकारलाई कटौती हुनु हो । त्यसले समाजमा सामाजिक, सांस्कृतिक अतिरिक्त आर्थिक सुधार पनि सँगैसँगै ल्याउँछ । सम्पत्तिमा समान पहुँचका लागि मार्क्सले भनेजस्तै समाजवादका लागि श्रमिक, सर्वहारा वर्गले क्रान्ति गर्नुपर्छ र सत्तामा नियन्त्रण राख्नुपर्छ ।

सम्पत्ति वा नाफा त्याग्न वा दलितलगायतका उत्पीडित जातिहरूलाई दिनका लागि तल्लो वर्गमा उपल्ला जाति भनिनेहरू कोही तत्पर हुने छैनन् । बरु सम्पत्ति संरक्षणका लागि आफ्नो संगठित नश्ल (जात)लाई मान्छन् । उनीहरू वर्गीय सभ्यताबाट अलग हुन सक्दैनन् । यसर्थ त्यस्तो नश्ल बोकेका सर्वहाराबाट समाजवादी क्रान्ति हुँदैन । ती एउटै नश्ल भएकाहरू आफ्ना जातका धनीहरूविरुद्ध लड्न तयार हुन्नन् । त्यसैले उत्पीडित समूहका लागि त्यो जातिका धनी या गरिब दुवै शत्रु हुन् । अर्कोतर्फ तल्लो वर्गमा रहेका तल्ला मानिएका जातिहरू पनि विभाजित छन्, विभिन्न राजनीतिक र धार्मिक आस्थाहरूले तिनीहरूलाई बाँधेको छ, त्यसमै तिनको जीवन आश्रित छन् । खान र बस्न पाइरहेका ठाउँलाई नत्याग्नु सबै प्राणीलगायत मानिसको पनि चरित्र हो । यसले गर्दा उही वर्गका तल्ला र माथिल्ला जाति भनिनेहरूबीच संघर्ष हुनै सक्दैन । यसरी दुवै तत्पर नभएपछि समाजवादी क्रान्ति पनि हुँदैन ।

### निष्कर्ष

एउटा खास धर्म वा सत्ताले ल्याउने कुनै वादले अधिकार दिँदैन । त्यो भन्ने कुरा मात्र हो । समाजवादका लागि त सत्ता सहभागिता नै सर्वोपरि हो । शोषित-उत्पीडित समुदायले शक्तिका लागि सत्तामै पुग्नुपर्दछ । डा. भीमराव अम्वेकरको यो भनाइलाई आत्मसात् गर्ने हो भने दलितहरू अब माथिल्ला जाति-समूहका काल्पनिक वादहरूका विषयमा मात्र अलमलिने होइन, सत्ता-साझेदारिताकै लागि संगठित भएर लड्नुपर्दछ । सत्ताको पहुँचमा पुगेपछि आफू अनुकूलको वाद बनाउन सकिन्छ । त्यो समाजवाद पनि हुनसक्छ । त्यसका लागि दलित वा अन्य उत्पीडितहरूले सामाजिक र राजनीतिक क्रान्ति गर्नुपर्दछ । त्यो भनेको यथास्थितिको अवज्ञा र नवआर्यहरूविरुद्धको विद्रोह हो ।

## सरस्वती पूजाको महिमा



विविशा पौडेल

नेपालको सांस्कृतिक वा धार्मिक परम्परामा विशेष स्थान राख्ने सरस्वती पूजा श्री पञ्चमी वा वसन्त पञ्चमीको आगमनसँगै मनाइन्छ । यो पूजा ज्ञान, संगीत, कला र सिर्जनाशीलताकी देवीको आराधना गर्ने अवसरमात्र नभई शिक्षा, संस्कार र परम्परालाई सशक्त बनाउने एउटा महत्त्वपूर्ण चाड हो । विशेषगरी हिन्दू धर्ममा आस्था राख्ने विद्यार्थी, कलाकार, साहित्यकार, संगीतकार तथा अनुसन्धानकर्ताहरूका लागि यो दिन प्रेरणादायक मानिन्छ ।

हिन्दू धर्मानुसार, सरस्वती ब्रह्मजीकी शक्ति एवं ज्ञान, विद्या तथा वाणीकी देवी हुन् । उनलाई सेतो वस्त्रमा, हातमा वीणा, पुस्तक, जपमाला र कमलको आसनमा विराजमान देखाइन्छ । सेतो हांसलाई उनको बाहन मानिन्छ, जसले पवित्रता, ज्ञान र विवेकको प्रतीक गर्छ । संस्कृत ग्रन्थहरूमा उल्लेख गरिएअनुसार, सरस्वती देवी नै वेद, शास्त्र, संगीत र कलाकी स्रोत हुन् । यही कारणले गर्दा उनलाई 'शब्दब्रह्म' अर्थात् वाणीकी देवी भनेर सम्बोधन गरिन्छ । शिक्षा क्षेत्रमा मात्र नभई विज्ञान, प्रविधि, साहित्य, चित्रकला, नृत्य र गायनमा संलग्न व्यक्तिहरूले पनि सरस्वतीलाई आफ्नो प्रेरणाको स्रोत मान्छन् ।

वसन्त पञ्चमी वसन्त ऋतुको प्रारम्भ मानिन्छ, जब प्रकृति हराभरा हुन्छ, फूलहरू फूल्न थाल्छन्, चराचुरुंगीले मीठा ध्वनी निकाल्छन् र सम्पूर्ण वातावरण उल्लासमय बन्छ । यो ऋतु परिवर्तनसँगै मानसिक एवं शारीरिक ऊर्जा वृद्धि हुने मान्यता छ ।

वसन्त पञ्चमीका अवसरमा सरस्वती पूजाको विशेष महत्त्व रहन्छ, किनभने यो पूजा ज्ञान, शिक्षा र कलाको उपासना हो । नेपाली समाजमा विशेषगरी विद्यालय, कलेज, विश्वविद्यालय र शैक्षिक संस्थाहरूमा सरस्वती पूजाका अवसरमा भव्य कार्यक्रम गरिन्छ ।

सरस्वती पूजाका दिन बिहानै नुहाएर सफा, हल्का र विशेषगरी सेता तथा पहेला रङका कपडा लगाउने चलन छ । यसदिन सरस्वतीको मूर्ति वा चित्र अगाडि विद्यार्थी, शिक्षक, कलाकार एवं अभिभावकहरूले श्रद्धासहित पूजा अर्चना गर्छन् । पूजा गर्दा सेतो, रातो र पहेँलो रङको प्रयोग गरिन्छ । साथै पुस्तक, कापी, कलम, वाद्ययन्त्र, कुचीजस्ता शिक्षामा प्रयुक्त सामग्रीहरू देवीको चरणमा चढाइन्छ ।

बालबालिकाका लागि यो दिन झन् विशेष मानिन्छ । उनीहरूलाई पहिलो अक्षर लेखाएर शिक्षाको प्रारम्भ गरिन्छ, जसलाई 'विद्यारम्भ' संस्कार भनिन्छ । अभिभावकहरूले आफ्ना साना छोराछोरीलाई देवी सरस्वतीको चरणमा पुऱ्याए विद्या तथा संस्कार ग्रहण हने विश्वास राख्दछन् ।

सरस्वती पूजा केवल धार्मिक विधिमात्र होइन, यो शिक्षालाई सम्मान गर्ने पर्व हो । नेपालका विद्यालय र विश्वविद्यालयहरूले यस दिनलाई अवसरका रूपमा लिन्छन् र बौद्धिक तथा सांस्कृतिक गतिविधि आयोजना गर्छन् । यसमा विभिन्न विद्यालयमा निबन्ध प्रतियोगिता, चित्रकला प्रदर्शनी, कविता वाचन तथा सांगीतिक कार्यक्रम गरिन्छ ।

यसैगरी आधुनिक विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा संलग्न वैज्ञानिक तथा अनुसन्धानकर्ता पनि सरस्वतीलाई प्रेरणाको स्रोत मान्छन् । डिजिटल शिक्षाको युगमा सरस्वती पूजाले परम्परा र प्रविधिबीचको सन्तुलन कायम गर्न सघाइरहेको विश्वास छ ।

नेपालका हिन्दूहरूका लागि सरस्वती पूजा एउटा महत्त्वपूर्ण पर्व भएझैं, भारतका विभिन्न भागमा पनि यस पर्वलाई भव्यरूपमा मनाइन्छ । त्यसैगरी पश्चिम बंगालमा देवी सरस्वतीलाई विशेष रूपमा पुजिन्छ, जहाँ विद्यार्थीहरूले आफूले प्रयोग गर्ने कलम र पुस्तकहरू पूजास्थलमा राख्ने चलन छ । साथै भारतको दक्षिणी भागमा संगीतकार तथा नर्तकहरूले आफ्ना वाद्ययन्त्रहरू सरस्वतीलाई अर्पण गरी पूजा गर्छन् ।

नेपालमा नेवार समुदायले सरस्वतीलाई विशेष सम्मान गर्ने परम्परा छ । काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रहरूमा अवस्थित सरस्वती मन्दिरहरूमा पूजाआराधना गरिन्छ । विशेषगरी स्वयम्भूस्थित सरस्वतीस्थान, ललितपुरको लेलेस्थित सरस्वतीस्थान र अन्य विद्यालय तथा शिक्षालयहरूमा यो पर्व धुमधामसँग मनाइन्छ ।

आजको डिजिटल युगमा शिक्षाको स्वरूप परिवर्तन हुँदै गहिरहे पनि सरस्वती पूजाको महत्त्व उस्तै छ । पुस्तकलयहरूमा मात्र होइन, डिजिटल शिक्षण केन्द्रहरू, अनुसन्धान प्रयोगशाला तथा प्रविधिसम्बद्ध व्यक्तिहरूले पनि सरस्वतीलाई श्रद्धाका साथ पूजा गर्छन् ।

विज्ञान, प्रविधि, अनुसन्धान तथा अन्य क्षेत्रका विद्यार्थी तथा पेसाकर्मीहरूले पनि यो दिनलाई प्रेरणाको स्रोतका रूपमा लिन्छन् । नेपालमा सुचना प्रविधिको विकाससँगै डिजिटल पुस्तकालय, अनलाइन कक्षाहरू, ई-लर्निङ प्लेटफर्महरूमा पनि सरस्वती पूजाको महत्त्व झल्किन्छ ।

सरस्वती देवी केवल विद्या र कलाकी अधिष्ठात्री मात्र होइन, उनी नारीशक्तिको प्रतीक पनि हुन् । हिन्दू धर्मशास्त्रमा शक्ति, ज्ञान र समृद्धिका प्रतीक लक्ष्मी, दुर्गा र सरस्वतीलाई तीन प्रमुख देवीहरू मान्छन् । त्यसकारण आजको समाजमा महिला शिक्षालाई विशेष प्राथमिकता दिइरहँदा, सरस्वती पूजाले नारी सशक्तीकरणको सन्देश पनि दिन्छ ।

सरस्वती पूजा केवल पूजाआजा गर्ने धार्मिक विधिमात्र नभई, शिक्षाको सम्मान गर्ने, सिर्जनशीलतालाई प्रवर्द्धन गर्ने र समाजमा ज्ञानको महत्त्व स्थापित गर्ने महत्त्वपूर्ण सांस्कृतिक पर्व हो । नेपाल र भारतजस्ता हिन्दू बहुल देशहरूमा मात्र नभई, विश्वभरका विभिन्न स्थानहरूमा शिक्षासँग सम्बन्धित समुदायहरूले यसलाई आ-आफ्नै तरिकाले मनाउँछन् ।

आजको डिजिटल युगमा शिक्षण विधिहरू परिवर्तन हुँदै गहिरहेका छन्, तर विद्या, बुद्धि र सिर्जनशीलताको महत्त्व झन् बढिरहेको छ । यही कारणले गर्दा, पुस्तौं पुस्तासम्म सरस्वती पूजाको परम्परा जीवित रहने छ, जसले ज्ञानको उज्यालो सधैं फैलाउने छ ।

## श्रम सरोकार

### इजरायल रोजगारीमा जानेले बुझ्नुपर्ने कुरा

नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येमा पर्छ इजरायल । इजरायलले विशेषगरी सहायक कामदार (घरेलु काममा महिलाका लागि) र कृषि क्षेत्रमा रोजगारीका लागि नेपाली कामदार लैजाने गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी सम्झौताअन्तर्गत नै नेपालले कामदार पठाउने गरेको छ । यसबाहेक 'अर्न एण्ड लर्न' कार्यक्रममार्फत पनि नेपाली विद्यार्थीहरू इजरायलमा जाने गरेका छन् । हमाससँगको युद्धकालमा रोकिएको इजरायल रोजगारी केही समय पहिले मात्रै नेपालले खुला गरेको छ ।

दक्षिणी र पूर्वी रेगिस्तानी इलाकामा पर्ने भएकाले यहाँ गर्मी, शुष्क र समशीतोष्ण हावापानी हुन्छ । विशेषगरी महिलाले यो देश रोज्नुको कारण महिलाहरूका लागि सुरक्षित गन्तव्य मानिन्छ र विदेशी कामदारहरूलाई राम्रो नियम कानुन छ । नौ दिन नेपाली चाडको बिदा, वर्षको १२ दिन इजरायली बिदा अनि एक वर्ष पुगेपछि बोनस पाइन्छ ।

यहाँ प्यालेस्टाइनसँग बराबर युद्ध भइरहन्छ । २४ घण्टा घरभित्रको काम गर्नुपर्ने हुँदा मानसिक तनाव हुनसक्छ । चौबिसै घण्टा अशक्त बिरामी र केटाकेटीको काम गर्नुपर्ने हुँदा जतिबेला पनि आफूलाई सतर्क बनाइरहनुपर्छ । महिलाप्रधान देश भएकोले महिलाको जुनसुकै काम पनि सम्मानको दृष्टिले हेरिन्छ । राम्रो तलब सुविधा अनि महिलाहरूको एकमात्र सुरक्षित गन्तव्य हो, इजरायल । त्यहाँ गएर राम्रो आम्दानी सुरक्षाको प्रत्याभूतिसहित आत्मसन्तुष्टि लिन सकिन्छ । कामदारहरूले वृद्धवृद्धाको हेरचाह गर्न जान्ने हुनुपर्छ । अशक्त बिरामीहरूसँग रातदिन बस्नुपर्ने हुँदा सहनशील र धैर्य गर्न सक्नुपर्छ । विद्युतीय सामानहरू चलाउने ज्ञान हुनुपर्छ । एउटा घरको सम्पूर्ण जिम्मेवारी लिएर काम गर्नुपर्ने हुनाले आत्मविश्वासको साथ एउटा घरको पूर्ण जिम्मेवारी लिन सक्नुपर्छ ।

बिदाको दिनबाहेक वृद्धवृद्धालाई एक्लै छोडेर हिँडे यसको विरुद्ध भने कोही बोल्दैन । त्यहाँ अनैतिक काम गर्न हुँदैन । जुन काम गर्न गएको हो त्यो भन्दा अर्को काम गर्न पाइँदैन । हप्तामा एक दिन बिदा लिन मिल्छ । आफूले चाहेको खण्डमा बिदाको दिन पनि काम गर्न पाइन्छ ।

# जोखिमयुक्त झोलुंगे पुलमार्फत यात्रा गर्न बाध्य भक्तजन



**डुम्रे (तनहुँ)**– प्रसिद्ध धार्मिकस्थल देवघाटधाममा एक महिने महामहोत्सव चलिरहेको छ । महामहोत्सव लागेसँगै भक्तजनको आगमन बढ्दो छ । भीड बढेपछि जीर्ण अवस्थामा पुगेको झोलुंगेमार्फत आवतजावत गर्न भक्तजन बाध्य भएका छन् ।

तनहुँको देवघाट गाउँपालिका र चितवनको भरतपुर महानगरपालिका जोड्ने त्रिशूली नदीमाथिको झोलुंगे पुलबाट आवतजावतमा समस्या हुनाका साथै जोखिममा यात्रा गर्न भक्तजन बाध्य छन्। भीड धेरै हुँदा पुल चुँडिने जोखिम भएपछि आवतजावतका लागि सीमा तोकिएको छ।

भक्तजनको भीडका कारण तोकिएको सीमा पार हुने गरेको स्थानीय बताउँछन् । जोखिम न्यूनीकरणका लागि एकपटकमा १०० जनामात्र आवतजावत गर्न स्थानीय प्रशासनले अनुमति दिएको छ । भीड बढी हुँदा अनुमति कार्यान्वयनमा आउन मुस्किल भएको छ। जोखिमबाट बच्नका लागि पुलको दुवैतर्फ प्रहरी परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा त्रिशूली नदीमा रहेको ४४ वर्ष पुरानो उक्त झोलुंगे पुलमा तीर्थयात्रीको चाप बढ्दा जोखिम भएकाले सीमा निर्धारण गरिएको उल्लेख गरिएको छ। उक्त पुलमा वारपार गर्न नियन्त्रितरूपमा एक पटकमा १०० व्यक्तिमात्रै आवतजावत गर्ने र मोटरसाइकल पूर्णरूपमा बन्द गर्ने व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालयसहित सबै सरोकारवालालाई निर्देशन दिइएको छ।

सस्पेन्सन बृज डिभिजन पुल्चोक ललितपुरले सोमबार जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै उक्त पुल तथा सर्वसाधारण यात्रुको सुरक्षाका लागि पुलमा सावधानीका सबै उपाय अवलम्बन गर्न अनुरोध गरेको थियो। सो ठाउँमा मोटरेबल पुल नहुँदा भक्तजन अझै पनि झोलुंगे पुलमार्फत यात्रा गर्न बाध्य भएका छन् ।

वर्षौंअघिदेखि मोटर चल्ने पुलको माग राखे पनि सुनुवाइ नहुँदा भक्तजन बढ्दाको समयमा समस्या भएको तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताए। माघेसंक्रान्ति मेला लाग्ने बेलामा मात्रै समस्या आउने गरेको जीर्ण अवस्थामा पुगेको झोलुंगे पुलको यात्रामा अहिले अझ जोखिम बढेको उनले बताए।

'देवघाटधाममा भक्तजनको हिन्दू धर्मावलम्बी आउने स्थान हो, सहज हुनेगरी झोलुंगे पुल भएकै स्थानमा मोटरेबल पुलको आवश्यकता छ,' अध्यक्ष थापाले भने, 'अकल्पनीय घटना नघटोस् भनेर पटक-पटक सम्बन्धित निकायसमक्ष यस स्थानमा मोटरेबल निर्माण गर्न माग गरिरहेका छौं, तर हाम्रो मागको सुनुवाइ भने भएको छैन ।'

उनले पालिकाले मात्रै यहाँको पुल निर्माण गर्न सक्ने बजेट नहुँदा पनि प्रदेश तथा संघ सरकारसमक्ष माग गरिरहेका भए पनि बेवास्ता गर्ने गरेको पाएको बताए।

चितवनको दासढुंगा, ठिमुरा र नवलपुरतर्फमा मोटरेवल पुल छन्। तर आफ्ना सवारीसाधन नभई दर्शनका लागि आउने भक्तजनलाई घुमाउरो पर्ने हुँदा पनि जोखिमयुक्त झोलुंगे पुलमार्फत यात्रा गर्न भक्तजन बाध्य भएका हुन्। उक्त पुल वि.सं. २०३७ मा निर्माण गरिएको हो। भक्तजनको आवतजावत बढ्ने समयमा मर्मत गर्दै सञ्चालनमा ल्याउने गरिएको छ। दीर्घकालीनरूपमा समस्याको समाधान हुने अवस्थातर्फ भने सरकारको ध्यानाकर्षण गएको छैन। *रासस*

## तीन गैंडालाई पूर्वी सेक्टरमा स्थानान्तरण गरियो

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जको पश्चिम सेक्टरबाट तीन गैंडालाई पूर्वी सेक्टरमा स्थानान्तरण गरिएको छ । शनिबार, आइतबार र सोमबार गरी ती गैंडालाई पूर्वी सेक्टरमा स्थानान्तरण गरिएको हो ।

तीनवटै गैंडालाई पूर्वी सेक्टरको खगेन्द्रमल्ली क्षेत्रमा ल्याएर छाडिएको छ । आन्तरिक स्थानान्तरणका क्रममा शनिबार १५ वर्षको र आइतबार १६ वर्षको पोथी गैंडालाई एवं सोमबार अन्दाजी १८ वर्षको भाले गैंडालाई ल्याइएको निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले जानकारी दिए।

उनका अनुसार सोमबार नमूना मध्यवर्ती सामुदायिक वन पिठौलीबाट भाले गैंडा ल्याइएको हो भने शनिबार र आइतबार स्थानान्तरण गरिएका दुवै गैंडा निकुञ्जको पश्चिम क्षेत्रको अमलटारीमा रहेका हुन् । सोमबार डार्ट गरिएको गैंडालाई सोही दिन साँझ स्थानान्तरण गरेर छाडिएको हो ।

शनिबार डार्ट गरिएको गैंडालाई आइतबार बिहान र आइतबार डार्ट गरिएको गैंडालाई आइतबार साँझ निकुञ्जको पूर्वी सेक्टरमा ल्याएर छाडिएको थियो । यस वर्ष चारवटा गैंडा आन्तरिक स्थानान्तरण गर्ने योजनाका साथ स्थानान्तरणको काम गरिएको हो ।

निकुञ्जले गत वर्ष छवटा गैंडा स्थानान्तरण गरेको थियो । अध्ययन टोलीले निकुञ्जलाई पश्चिम क्षेत्रका १० गैंडा स्थानान्तरण गर्न सुझाव दिएको आधारमा यसपटक थप चार गैंडा स्थानान्तरण गर्न लागिएको हो ।

## १० हिमाली जिल्लामा छात्रावास निर्माण गरिने

**रसुवा (प्रस)**– शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले १० हिमाली जिल्लाका विद्यालयहरूमा छात्रावास निर्माण गरिने बताएकी छन् । पूर्वी रसुवाको नौकुण्ड गाउँपालिका फाम्चेतस्थित गौतमबुद्ध माध्यमिक विद्यालयको ४८औं वार्षिकोत्सव तथा अभिभावक दिवस सोमबार उद्घाटन गर्दै उनले रसुवा जिल्लामा पनि छात्रावास निर्माण गर्न जिल्ला शिक्षा समितिमार्फत माग गर्न निर्देशन दिइन्।

ग्रामीण क्षेत्रका विद्यार्थीले स्थानीयस्तरमै कक्षा १२ सम्म सहज अध्ययनको वातावरण मिलाउन छात्रावास निर्माण गर्न लागिएको शिक्षामन्त्री भट्टराईले बताइन्। सरकारले ल्याएको शिक्षा विधेयक अब छिट्टै सदनबाट पारित हुने र सो ऐन बनेपछि शिक्षा क्षेत्रका समस्या समाधान हुने उनले बताइन्।

वि.सं. २०७२ को भूकम्पले हाकु क्षेत्रबाट विस्थापित भई खाल्टेमा बसोबास गरेका १५९ घरधुरीलाई विद्यालयलगायत सबै आधारभूत आवश्यक पूरा गर्न मन्त्रिपरिषद् बैठकमा प्रस्ताव गर्ने उनले आश्वासन दिइन्।


### बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

प्रकाशित मिति :- २०८१/१०/२३

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरूको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियम अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरूमध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागी छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने बोलपत्रदाता/ फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) रु. |
|---|---|---|---|
| BRM/NCB/ORKS/ 081/82-06 | Various road construction and upgrading works in Barahatal RM-05, Surkhet | Siddeshor Bikash Nirman Sewa Pvt.Ltd., Dullu-01, Dailekh | 17,15,086.38 |
| BRM/NCB/ WORKS/081/82-07 | Thari Ghoda Aankhe road construction in Barahatal -09, Surkhet | Samikshya Nirman Sewa, Tila-02, Jumla | 19,08,835.99 |

प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
### राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
कार्यक्रम कार्यान्वयन इकाई
भरतपुर, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१/१०/२३

यस कार्यालयको मिति २०८१/०९/१९ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही तपसिलको बोलपत्र स्वीकृतको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ ७ दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | IFB no.: | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर. र पि.एस समेत) |
|---|---|---|---|---|
| 1 | 01/PIU Chitwan/ 2081/082 | Riverbank Stabilization and Management Works, Kawasoti-1,4 & 5, Kerunge Khola, Nawalparasi (Ba.Su.East) | Rose Developer Pvt. Ltd., Tokha, 2, Kathmandu | NRs. 25,77,110.40 |



### धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
कोशि प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

(सूचना प्रकाशन मिति २०८१/१०/२३)

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१।०९।२३ गतेको सौर्य दैनिक राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बिधुतिय दरभाउपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित कार्यका लागि रित पूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मुल्यांकन समितिले मूल्यांकन गर्दा निम्न दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही रहेका दरभाउपत्रहरु मुल्यांकन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/SQ/ GOODS–१३/०८१/०८२ | पशुपालक कृषकहरूलाई ५०% अनुदानमा कुटी काट्ने (च्याप कटर) बितरण गर्ने | श्री बिराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. ईटहरी–४ सुनसरी | रू. १४,०७,२४३।२४ |

प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
### Irrigation and River Management Project
Patan, Baitadi

**Invitation for Electronic (Online) Bids**

*Date of publication: 2081-10-23 (5th February, 2025)*

Government of Nepal (GoN), Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Irrigation and River Management Project (IRMP), Patan, Baitadi invites online bids only under e-procurement system from eligible bidders for the construction of Project mentioned below under National Competitive Bidding.

| S. N. | IFB No. & Description of Works | Estimated Amount with VAT and PS (NRs.) | Bid Doc. Fee (NRs) | Bid Security Amount NRs. | Bid Validity Period/ Bid Security Validity Period | Last Date & Time of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | *DWRI/IRMPBaitadi/Works/ NCB-01/081-82* Construction of Chhotechaur Irrigation Project, Chabispathivera-6, Bajhang | 98,88,528.22 | 3000.00 | 2,50,000.00 | 90 days/ 120 days from last date of bid submission | 2081/11/23 B.S. (2024-03-07 AD) till 12:00 noon |
| 2 | *DWRI/IRMPBaitadi/Works/ NCB-02/081-82* Construction of Parshuramghat Protection Works at Left Bank of Mahakali River at Dadeldhura. | 18102481.38 | 3000.00 | 4,75,000.00 | 90 days/ 120 days from last date of bid submission | 2081/11/23 B.S. (2024-03-07 AD) till 12:00 noon |
| 3 | *DWRI/IRMPBaitadi/Works/ NCB-03/081-82* Construction of Bhele Khola Latinath Tatbandhan Nirman Project, Marma RM-03, Darchula | 1,09,61,965.63 | 3000.00 | 2,85,000.00 | 90 days/ 120 days from last date of bid submission | 2081/11/23 B.S. (2024-03-07 AD) till 12:00 noon |

Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details.

**Project Chief**



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
### राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८१/१०/२३ गते)

यस सेन्टरबाट आ व ०८१-०८२ मा विभिन्न मितिमा प्रकाशित सूचना अनुसार आव्हान गरिएको बिद्युतीय बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्याकिंत सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| सि.नं. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/ 07-081/82 | Supply and Delivery of Cleaning Chemical | Pathivara Surgical house, Tripureshwor, kathmandu | रू. १६,३१,२३९.७५/- (अक्षरेपी सोह्र लाख एकतीस हजार दुइसय उन्नचालिस रूपैयाँ पैसा पचहत्तर मात्र मू.अ.कर सहित) |
| २. | NTrC/G/NCB/ 08-081/82 | Supply and Delivery of Loundry Chemical | Edward Trading Pvt.Ltd, Tripureshwor, kathmandu | रू.१९,३८,३२०.६४/- (अक्षरेपी उन्नाइस लाख अठतिस हजार तीन सय वीस रूपैया चौसट्ठी पैसा मात्र मू.अ.कर सहित) |
| ३. | NTrC/G/NCB/ 11-081/82 | Supply and Delivery of Cloth Items | Sambriddhi & Sampada Suppliers Pvt.Ltd, kathmandu | रू.६५,८६,७७०/- (अक्षरेपी पैसट्ठी लाख छयासी हजार सात सय सत्तरी रूपैया मात्र मू.अ.कर सहित) |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

प्रभाव दैनिक

रूपशाला

### 'रंगी'को शीर्ष गीत सार्वजनिक

आगामी फागुन २ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'रंगी'को शीर्ष गीत सार्वजनिक गरिएको छ। गीतमा आमेश भण्डारी र समीक्षा अधिकारीको स्वर, आमेशकै शब्द र संगीत, रोमन बज्राचार्यको एरेन्ज छ। गीतमा फिल्मका कलाकार सलोन बस्नेत र मलिका महत फिचर्ड छन्। भ्यालेन्टाइन लक्षित गीत रोमान्टिक फ्लेभरमा छ। चिया बेच्दै हिँडेकी मलिकासँग सलोनको भेट र त्यसपछि उनीहरूबिच अंकुराएको प्रेमलाई गीतमा देखाइएको छ। सलोन र मलिकालाई प्रेम, विवाह र सन्तानको अभिभावक बन्ने अवस्थासम्मको दृश्य गीतमा हेर्न सकिन्छ।



बुधबार, २३ माघ २०८१ (Wednesday, February 05, 2025)

# जनकपुर अन्तर्राष्ट्रिय चलचित्र महोत्सव फागुन १६ देखि




■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)** – नेपाली चलचित्र क्षेत्रको अन्तरराष्ट्रियकरण, बजार प्रवर्द्धन, सम्भावना र अवसरको खोजी गर्ने उद्देश्यले प्रथम जनकपुर अन्तरराष्ट्रिय चलचित्र महोत्सव हुने भएको छ। संवाद फाउण्डेसनले चलचित्रकर्मी र सञ्चारकर्मीको उपस्थितिमा ललितपुरमा आयोजना गरेको एक कार्यक्रममा आगामी फागुन १६ देखि १८ सम्म प्रथम चलचित्र महोत्सव हुने जानकारी दिएको हो।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले महोत्सव नेपाली र मिथिला चलचित्रलाई विश्वमा बजारीकरण गर्न महत्वपूर्ण माध्यम हुने विश्वास व्यक्त गरे। 'जनकपुरले मिथिलाञ्चललाई प्रतिनिधित्व गर्छ, महोत्सवले यसलाई उजागर गर्नेछ। विश्वका एक सय ३७ भन्दा बढी देशले हाम्रो चलचित्रका बारेमा थाहा पाउनेछन्', उनले भने।

अध्यक्ष डिसीले पैसा कमाउने उद्देश्य राखेर महोत्सव गर्नु उचित होइन भन्दै यस्ता अन्तर ाष्ट्रिय चलचित्र महोत्सवलाई अरु क्षेत्रको बजेट काटौति गरेर पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाली सिनेमा निर्माणको प्रक्रिया बदलिनुपर्नेमा जोड दिए। 'नेपाली सिनेमा कताकता एकाङ्गी पो छ कि भन्ने मलाई लागेको छ, मैले फरक भूगोल, फरक विषयको चित्रण गर्ने परिपाटीको अभाव भएको महसुस गरेको छु। स्थानीय परिवेशका कुरालाई हामीले सिनेमामा बुझाउन सकिरहेका छैनौँ, आशा छ, जनकपुरमा हुने यो कार्यक्रमले नयाँपन खोज्ने छ', उनले भने।

कार्यकारी अध्यक्ष झाले महोत्सवले नेपाली चलचित्र निर्मातालाई स्थानीय कथा खोजीमा प्रेरित गर्ने विश्वास व्यक्त गर्दै भविष्यमा नेपाली सिनेमालाई दिगो र अन्तरराष्ट्रियकरण गर्न पनि निकै ठूलो सहयोग पुग्ने धारणा राखे। अभिनेत्री रेखा थापाले मिथिला सभ्यता, कला र महिलाको जननी भएको बताउँदै महोत्सवले त्यो महत्वलाई उजागर गर्ने बताए। 'मधेशको कलासँग प्रगाढसम्बन्ध छ। पछिल्लो समय हाम्रो संस्कृति र भाषामाथि आक्रमण भएको छ, यसलाई चिर्नु आवश्यक छ', उनको भनाइ थियो।

वरिष्ठ निर्माता माधव वाग्लेले मिथिला सभ्यताको चित्र कोर्न धेरै महंगो हुने भएकाले आफूहरूलाई मिथिला क्षेत्रको कथा समेटेर चलचित्र निर्माणमा समस्या भइरहेको सुनाए। चलचित्र निर्देशक सुवर्ण थापाले महोत्सवले हिमाल, पहाड र तराईलाई जोड्दै बालबालिका, युवा, महिलालगायतलाई समेट्नुपर्नेमा जोड दिए।

जेआइएफएफ नेपाली चलचित्रको अन्तरराष्ट्रियकरण, युवा फिल्मकर्मीलाई उत्प्रेरित गर्ने र सांस्कृतिक विविधताको प्रवर्द्धन गर्ने अभिप्रायले महोत्सव आयोजना गर्न लागिएको संवाद फाउन्डेसनका प्रमुख कुमार भास्करले जानकारी दिए। उनले नेपालमा फिल्मको महत्व बुझाउने, नेपाली चलचित्रलाई विश्वभर प्रस्तुत गर्ने, नेपाली युवालाई प्रेरणा र अवसर दिनेलगायत नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र मञ्चमा स्थापित गर्ने अभियानस्वरूप आफूहरू अगाडि बताए।

# 'पहाड'मार्फत फर्किए तुलसी घिमिरे

■ प्रभाव संवाददाता




**काठमाडौं–** निर्देशक तुलसी घिमिरेले फिल्म 'पहाड' को मुहुर्त गर्दै छायाङ्कन सुरू गरेका छन्। गोरखा दरबारमा पुजा गरेपछि छायाङ्कन सुरू गरिएको फिल्ममार्फत झन्डै आठ वर्षपछि निर्देशक घिमिरेले निर्देशन कमब्याक गरेका हुन्। उनले फिल्ममा पुराना र दिग्गज कलाकार र प्राविधिकको चयन गरेका छन्। फिल्ममा शिव श्रेष्ठ, मदनकृष्ण श्रेष्ठ, सुनिल थापा देखिदैछन्। यस्तै, उनले छायाँकारको रूपमा प्रमोद प्रधानलाई नेपाल ल्याएका छन्।

भारतमा फिल्म, वेब सिरिज र टेलीफिल्मसमेत छायाङ्कन गरिसकेका छायाँकार प्रधानले निर्देशक घिमिरेसँग अन्याय, कोसेली, चिनो र दक्षिणामा सहकार्य गरेका छन्। उनी तीस वर्षपछि नेपाली फिल्म छायाङ्कन गर्न नेपालमा आएका हुन्। फिल्मका लागि रञ्जित गजमेरले सङ्गीत सिर्जना गरेका छन्। पछिल्ला केहि फिल्म दर्शकको रुचिमा नपरेपछि निर्देशक घिमिरे यसपटक पुनः बलियो कथा र टिम लिएर दर्शकसामु पुग्दैछन्।

युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्याको कथावस्तु रहेको फिल्मको कथा निर्देशक घिमिरेले नै तयार पारेको हो। उनले भने,'मानव बसोबासविहीन बनेको उच्च पहाडको कथा समेटिएको छ, फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ।

फिल्मको विषय अनुसार हामीले कलाकार चयन गरेका छौँ। नयाँदेखि पुराना पुस्तासम्मलाई समेटेर काम गर्न पाउँदा उत्साहित छु।' यसै फिल्ममार्फत निर्देशक घिमिरेको छोरी पञ्चमी घिमिरे अभिनेत्री बनेर डेब्यु गर्दैछिन्। उनले अभिनेता मदनकृष्ण श्रेष्ठ र अरुण क्षेत्रीसँग मुहुर्त सट दिएकी थिइन्।

निर्देशक घिमिरेले छोरीमा देखिएको आत्मविश्वास र कैद भएको दृश्यले आफूमा उत्साह थपेको बताए। उनले छोरीले आफ्नै पेसा फिल्मकर्मलाई रोजेकोमा खुसी व्यक्त गरे। किनकि अन्य पेसाका अभिभावक झैँ उनी छोरीले फिल्ममा काम गरेको हेर्न चाहन्थे। ओजस्वी केसी निर्माता रहेको फिल्मलाई प्रमोद प्रधानले छायाङ्कन गरिरहेका छन्।

फिल्मको छायाङ्कन गोर्खा आसपासमा २५ दिन र भारतमा १५ दिन हुने छ। भाग्यरत्न फिल्म्स प्रालिको व्यानरमा निर्माण भइरहेको फिल्ममा विपीन कार्की, सुनिल थापालगायतका कलाकारले अभिनय गर्दैछन्।

यसमा रञ्जित गजमेर सङ्गीत निर्देशक, भारती घिमिरे क्रिएटिभ निर्देशक रहेका छन्। रिम्पोछे लामा थिङ्ग र सुरेश लामा थिङ्ग सह निर्माता रहेको फिल्म नेपालमा वैङ्कटेश इन्टरटेनमेन्ट र डायस्पोरामा सेभेन सिज इन्टरनेशनल फिल्म्सले वितरण गर्नेछ। यसको पब्लिसिटी डिजाइन रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले गरेको हो। पछिल्लो फिल्म 'दर्पणछाया २' पछि निर्देशनबाट केही समय विश्राम लिएका निर्देशक घिमिरेले 'पहाड' निर्देशन गरेका हुन्।



**त्रिकोणात्मक महिला क्रिकेट**

# नेपाल लगातार चौथो खेलमा पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं** – फिनिसिङमा चुक्दा नेपाल त्रिकोणात्मक टी-२० आई महिला शृंखलाको चौथो खेलमा पनि पराजित भएको छ। मंगलबार सम्पन्न खेलमा पाँच रनले पराजित हुँदा जितविहीन यात्रामा ब्रेक लगाउने नेपालको लक्ष्य पूरा भएन।

थाइल्यान्डले प्रस्तुत गरेको १०७ रनको लक्ष्य पछ्याएको नेपालले आठ विकेट गुमाउँदै १०१ रन मात्रै बनाउन सक्यो। योसँगै थाइल्यान्डले शतप्रतिशत जित निकाल्दै चार खेलबााट आठ अंक पुऱ्याएको छ। नेपाल भने जितविहीन छ। योसँगै थाइल्यान्डले उपाधि जित्ने सम्भावना बलियो बनाउँदा नेपालको भने समाप्त भएको छ।

नेपाललाई अन्तिम सात बलमा १५ रन चाहिएको थियो। तर, दुई विकेट गुमाउँदै नौ रन मात्रै बनाउन सकेपछि नेपाल जितबाट टाढिएको हो।नेपालकी रुविना क्षेत्रीले सर्वाधिक २६ रन बनाइन्। उनले ३० बल खेली तीन चौका र एक छक्का प्रहार गरिन्। कविता जैशी २४ र पूजा महतो १८ रनमा आउट हुँदा रोमा थापा १९ रनमा अविजित रहिन्।

थाइल्यान्डकी थिपताचा पुथावोङले सर्वाधिक चार विकेट लिइन्। चार ओभर बलिङ गरेकी उनले एक मेडनसहित १० रन खर्चिइन्। फनिता मायाको नाममा दुई विकेट रह्यो। नेपालले अब बुधबार नेदरल्यान्ड्स र अन्तिम खेलमा थाइल्यान्डलाई चुनौती पेस गर्नेछ।

# नेसनल हाइस्कुल क्रिकेटको फाइनल आजदेखि

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेसनल हाइस्कुल च्याम्पियनसिप (एनएचसी) को राष्ट्रिय फाइनल आज (बुधबार) देखि हुने भएको छ। ई-प्लानेटको मुख्य प्रायोजनमा देशव्यापी रूपमा आयोजना भइरहेको प्रतियोगिताको फाइनल बुधबारदेखि शनिबारसम्म तल्लो मूलपानी क्रिकेट ग्राउडमा सञ्चालन हुने भएको हो। प्रतियोगितामा देशभरका सात क्षेत्रीय विजेता तथा काठमाडौं छनोटको उपविजेता गरि कुल आठ टिमले प्रतिस्पर्धा गर्दैछन्।

प्रतियोगिताको राष्ट्रिय फाइनलमा अर्किड कलेज, आस्था कलेज, मोनास्टिक कलेज, प्यारामाउन्ट कलेज, कास्की मोडर्नाइज्ड, वेस्टर्न क्रिस्टल एकेडेमी, शिक्षान्तर कलेज तथा हिमालय एकेडेमी छन्। यस वर्ष विभिन्न कठिनाइहरूका कारण सुर्खेत छनोट आयोजना हुन नसकेको आयोजक संस्थाले जनाएको छ।

हाइप यति इभेन्ट्सद्वारा आयोजित यो प्रतियोगिताका टुर्नामेन्ट डाइरेक्टर रवीन्द्र गुप्ता तथा व्यवस्थापक कपिल भण्डारी हुन्। प्रतियोगितामा ई-प्लानेट (शीर्ष प्रायोजक), रुटिन अफ नेपाल बन्द (डिजिटल पार्टनर), खेलपाटी (प्रसारण पार्टनर), विकेट नेपाल (मिडिया पार्टनर) तथा यति एयरलाइन्सको 'गिभन विङ्स' (यात्रा पार्टनर) को साथ रहेको छ।

माघ २६ सम्म चल्ने यस प्रतियोगिताले नेपालका उत्कृष्ट विद्यालय स्तरका क्रिकेट खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ।

**विश्व पारा एथ्लेटिक्स ग्राण्ड प्रिक्स**

# नेपालका तीन खेलाडीले सहभागिता जनाउने

■ प्रभाव संवाददाता



**काठमाडौं** – दुबई २०२५ विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा नेपालका तीन खेलाडीले चुनौती पेस गर्ने भएका छन्। प्रतियोगिता फेब्रुअरी ५ देखि १४ तारिखसम्म हुँदैछ। उक्त प्रतियोगितामा एक पुरुष र दुई महिला खेलाडीले सहभागिता जनाउने छ। नवराज कार्कीले पुरुष चार सय मिटर र एक हजार पाँच सय मिटर दौडमा प्रतिस्पर्धा गर्ने छन्।

विलिशा अर्यालले महिला एक सय मिटर दौड र सटपुट तथा प्रभा आङडेम्वेले महिला दुई/चार सय मिटर दौड र लङजम्पमा सहभागी हुने छन्।यी तीन खेलाडीसहित ६ सदस्यीय नेपाली टोली बुधबार दुबइ प्रस्थान गर्ने भएको छ।

यसै प्रतियोगिताको प्रदर्शनका आधारमा नयाँ दिल्लीमा हुने विश्व पारा एथलेटिक्स च्याम्पियनसिपमाका लागि खेलाडी छनोट गरिने बताइएको छ।टिम व्यवस्थापकमा साङबु भोटे, प्रशिक्षकमा ओलम्पियन विमला रानामगर र अफिसियलमा गीतादेवी दाहाल छन्।

टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङ, राखेपकी सदस्य अञ्जना श्रेष्ठ र पारा एथलेटिक्स एसोसिएसन अफ नेपालका अध्यक्ष ओमनाथ सिवाकोटीले मंगलबार एक कार्यक्रमबीच बिदाइ गरे।

# चीनले अमेरिकाविरूद्ध प्रतिशोधात्मक भन्सार दर लगायो

**बेइजिङ–** चीनले मंगलबार चिनियाँ सामानमा लगाएको १० प्रतिशत भन्सार दरको प्रतिशोधमा संयुक्त राज्य अमेरिकाबाट आयात हुने कोइला र तरलीकृत प्राकृतिक ग्यासमा १५ प्रतिशत भन्सार दर लगाउने बताएको छ। बेइजिङको वित्त मन्त्रालयले संयुक्त राज्य अमेरिकाबाट कच्चा तेल, कृषि मेसिनरी, ठूला विस्थापन सवारीसाधन र पिकअप ट्रकको आयातमा १० प्रतिशत भन्सार महसुल लगाउने पनि घोषणा गरेको छ।

बेइजिङका अनुसार नयाँ उपायहरू सप्ताहन्तमा अन्तिम समयमा सम्झौता गरेर अमेरिकामा आप्रवासी र फेन्टानिलको प्रवेशविरुद्ध कडा सीमा उपायहरू लागू गरेका थिए। यसबाट धम्की दिइएको भन्सार दरमा ३० दिनको विराम लागेको छ।

एसियाली सेयर बजारहरू मंगलबार भन्सार दरमा विराम लागेको खबरले बढे भने वार्ताहरूले विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनविरुद्धको भन्सार दर कम गर्नसक्ने आशाले थप आशावादिता प्रदान गर्‍यो। तथापि चीनले आफ्ना उपायहरू घोषणा गरेपछि व्यापारीहरूले ती लाभहरूमध्ये केही घटाए।

क्यानाडा र मेक्सिकोबाट आयातमा २५ प्रतिशत भन्सार दर लगाउने ट्रम्पको धम्कीले विश्वव्यापी व्यापार युद्धको डर निम्त्याएपछि सोमबार विश्वव्यापी सेयर बजारमा गिरावट आएको थियो। सिनबामसँग 'धेरै मैत्रीपूर्ण' वार्तापछि मेक्सिकोमाथि लगाइएको भन्सार 'तुरुन्तै रोक्ने' र आफ्ना समकक्षीले अमेरिका-मेक्सिको सीमामा १० हजार सैनिक पठाउन सहमत भएको ट्रम्पले बताए।



वासिङ्टनले लगाएको 'एकतर्फी भन्सार दर वृद्धि' को प्रतिक्रियामा आएका हुन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार क्यानाडा र मेक्सिकोलगायत प्रमुख व्यापार साझेदारहरूविरुद्ध व्यापक उपायहरू घोषणा गरे। चीनबाट आउने सामानहरूले उनीहरूले पहिले नै वहन गरेको भन्सार दरमाथि थप १० प्रतिशत भन्सार दर लगाइने छ।

गैरकानुनी आप्रवासी र फेन्टानिलसहितका लागुऔषधको संयुक्त राज्य अमेरिकामा प्रवाह रोक्न असफल भएका देशहरूलाई सजाय दिने उद्देश्यले यी कदमहरू चालिएको ट्रम्पले बताएका छन्। चीनले भनेको छ, 'अमेरिकी कदमले विश्व व्यापार संगठनका नियमहरूको गम्भीर उल्लंघन गर्दछ, आफ्नै समस्या समाधान गर्न केही गर्दैन र चीन र संयुक्त राज्य अमेरिकाबीचको सामान्य आर्थिक र व्यापारिक सहयोगमा बाधा पुर्‍याउँछ।' अर्को सोमबारदेखि लागू हुने बेइजिङको करको घोषणा ट्रम्पले आगामी २४ घन्टामा राष्ट्रपति सी चिनफिङसँग फोनमा कुरा गर्ने घोषणा गरेको केही समयपछि गरिएको हो।

### क्यानाडा, मेक्सिको सम्झौता

मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबाम र क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडो दुवैले यसअघि ट्रम्पसँग वास्तविक सीमा स्पष्ट थिएन। क्यानाडा, चीन र मेक्सिको संयुक्त राज्य अमेरिकाका तीन सबैभन्दा ठूला व्यापारिक साझेदार हुन्।

ह्वाइट हाउसले पहिले नै सप्ताहन्तमा 'धेरै वार्ताहरू' भएको बताएको थियो। 'यो व्यापार युद्ध होइन, यो लागुऔषधको युद्ध हो,' राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन हचासेटले सिएनबिसीलाई भने, 'क्यानडालीहरूले स्पष्ट भाषा बुझ्न नसकेको जस्तो देखिन्छ।' यद्यपि अमेरिकी सरकारको तथ्यांकले क्यानाडाहुँदै न्यूनतम मात्रामा मात्र लागुऔषध प्रवेश गरेको देखाउँछ।

### ५१औं राज्य ?

ओटावाले भन्सार दरको कडा जवाफ दिने प्रतिज्ञा गरेको थियो। क्यानडालीहरूले खेलकुद कार्यक्रमहरूमा अमेरिकी राष्ट्रिय गानको विरोध गरेका छन्, संयुक्त राज्य अमेरिकामा बिदा रद्द गरेका छन् र अमेरिकी उत्पादनहरू बहिष्कार गरेका छन्।

यसको सबैभन्दा धेरै जनसंख्या भएको प्रान्त ओन्टारियोले सोमबार अमेरिकी कम्पनीहरूलाई सरकारी सम्झौतामा दशौं अर्ब डलरको सरकारी ठेक्कामा बोलपत्र हाल्न प्रतिबन्ध लगाएको थियो र ट्रम्पका सहयोगी एलन मस्कको स्टारलिंकसँगको सम्झौता खारेज गरेको थियो। ट्रम्पले क्यानाडाको अस्तित्वलाई प्रश्नमा राखेर हालै दबाब बढाएका छन्। सोमबार फेरि एकपटक यसलाई ५१औं अमेरिकी राज्य बनाउने वकालत गरे।

ट्रम्पको भन्सार दर धम्कीमाथि क्यानाडाली सरकारमा राजनीतिक संकटले ट्रुडोले राजीनामा दिने घोषणा गरे। क्यानडालीहरूले अब अप्रिलको सुरुमा चुनावको सामना गर्नुपरेको छ। यसैबीच ट्रम्पले कागजातविहीन आप्रवासीहरूमाथि व्यापक कारबाहीको प्रतीज्ञा गर्दै मेक्सिकोलाई संयुक्त राज्य अमेरिकासँगको सीमा सुरक्षित गर्न भारी दबाब दिएका छन्।

### व्यापार युद्ध होइन

संयुक्त राज्य अमेरिका र क्यानाडाबीच तनाव बढेको देखिन्छ। तर ट्रुडोसँग दुईपटक फोन गरेपछि ट्रम्पले ट्रुथ सोसलमा 'प्रधानमन्त्री हामीसँग सुरक्षित उत्तरी सीमा सुनिश्चित गर्न र अन्ततः फेन्टानिल जस्ता लागुऔषधको घातक प्रकोप अन्त्य गर्न सहमत हुनुभएको छ' भने।

ट्रुडोले सीमा सुरक्षित गर्न, लागुऔषध कार्टेलहरूलाई आतंककारीका रूपमा सूचीबद्ध गर्न, 'फेन्टानिल जार' नियुक्त गर्न र मनी लन्ड्रिङविरुद्ध कारबाही गर्न क्यानाडाले लगभग १० हजार अग्रपंक्तिका अधिकारीहरू तैनाथ गर्ने बताए। अधिकारीहरूले डिसेम्बरमा नै आठ हजार ५०० कर्मचारी तैनाथ गरिसकेको बताएको हुनाले क्यानाडाली सीमामा परिवर्तनको वास्तविक ...

'भन्सार दर' शब्द 'शब्दकोषको सबैभन्दा सुन्दर शब्द' भएको बताउने अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा पहिलो कार्यकालभन्दा पनि बढी भन्सार दर लगाउँदै छन्। उनले अधिकांश विशेषज्ञहरूले विपरीत भने पनि यसको प्रभाव अमेरिकी उपभोक्तामा नपर्ने र विदेशी निर्यातकर्ताहरूले नै बेहोर्ने जोड दिएका छन्। यद्यपि ७८ वर्षीय अर्बपति राष्ट्रपतिले आइतबार आफ्नो फ्लोरिडा रिसोर्टबाट फर्किंदै अमेरिकीहरूले आर्थिक 'पीडा' महसुस गर्न सक्ने स्वीकार गरे। *रासस/एएफपी*

# ट्रम्पलाई भेट्न अर्को हप्ता अमेरिका जाँदै मोदी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीले अर्को हप्ता ह्वाइट हाउसको भ्रमण गर्ने तयारी भएको ह्वाइट हाउसका एक अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ।



जनवरी २७ मा दुई नेताबीच हालैको टेलिफोन वार्ताको केही दिनपछि यो निमन्त्रणा आएको हो। टेलिफोन वार्तामा दुवै नेताले अमेरिका-भारत रणनीतिक साझेदारी र इन्डो-प्यासिफिक क्वाड साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई जोड दिएका थिए। जनवरी २७ को कुराकानीमा ट्रम्पले आप्रवासनको बारेमा कुरा गरे भने भारतले थप अमेरिकी-निर्मित सुरक्षा उपकरणहरू किन्ने र द्विपक्षीय व्यापारिक सम्बन्धको महत्त्वमा जोड दिए।

'दुई नेताले सहकार्य विस्तार र गहिरो बनाउने विषयमा छलफल गर्नुभएको छ, उहाँहरूले इन्डो-प्यासिफिक, मध्यपूर्व र युरोपको सुरक्षासहित विभिन्न क्षेत्रीय मुद्दामा पनि छलफल गर्नुभएको छ,' वार्तापछि ह्वाइट हाउसको वक्तव्यमा भनिएको छ, 'राष्ट्रपतिले भारतले अमेरिकी निर्मित सुरक्षा उपकरणको खरिद बढाउने र निष्पक्ष द्विपक्षीय व्यापारिक सम्बन्धतर्फ अघि बढ्ने महत्त्वलाई जोड दिए।'

नेताहरूले प्रधानमन्त्री मोदीको ह्वाइट हाउस भ्रमणको योजना र इन्डो-प्यासिफिक क्वाड साझेदारीको बारेमा पनि छलफल गरे। भारतले यस वर्ष पहिलोपटक क्वाड नेताहरूको आतिथ्यता गर्दै छ। विशेषगरी दुई देशको महत्त्वपूर्ण व्यापार सम्बन्ध छ। द्विपक्षीय व्यापार सन् २०२३-२४ मा एक खर्ब १८ अर्ब अमेरिकी डलर नाघेको छ र भारतले ३२ अर्ब अमेरिकी डलरको व्यापार बचत हासिल गरेको छ।

चीनको प्रतिरोध गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाको रणनीतिक साझेदार भारत अमेरिकासँग व्यापारिक सम्बन्ध बढाउन र आफ्ना नागरिकहरूलाई कुशल श्रमिक भिसा प्राप्त गर्न सहज बनाउन उत्सुक छ। प्रधानमन्त्री मोदी ट्रम्पलाई पुनःनिर्वाचित भएकोमा बधाई दिने पहिलो नेतामध्ये एक थिए। उनले संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका रूपमा पुनःनिर्वाचित भएकोमा साथै कंग्रेसको चुनावमा रिपब्लिकन पार्टीको सफलताका लागि बधाई दिँदै नोभेम्बर ६ मा उनीसँग टेलिफोन कुराकानी पनि गरेका थिए।

प्रधानमन्त्री मोदी र ट्रम्पबीच न्यानो र मैत्रीपूर्ण सम्बन्ध छ। दुई नेताबीचको यो मैत्रीपूर्ण सम्बन्धले विभिन्न वैश्विक मुद्दाहरूमा भारत र अमेरिकाको एकजुटता देखाएको छ। यो भ्रमण भारत फिर्ता पठाइने आप्रवासीहरू बोकेको एक अमेरिकी सैन्य विमान उडेको केही घन्टापछि आउँदै छ। यो ट्रम्प प्रशासनअन्तर्गत यस्ता उडानहरूको सबैभन्दा टाढाको गन्तव्य हो। रोयटर्सका अनुसार अमेरिकी उत्पादनहरूमा भारतको उच्च शुल्कलाई उद्धृत गर्दै ट्रम्पले विगतमा धम्की दिएको शुल्कबाट बच्न पनि भारत उत्सुक छ। *रासस/एएनआई*


## वेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सिसैया, कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आसय सम्बन्धि सूचना

**प्रकाशित मिति : २०८१/१०/२३**

यस कार्यालयबाट मिति २०८१/०९/०५ मा प्रथम पटक प्रकाशित बोलपत्र आब्हान सम्बन्धि सूचना बमोजिम देहाय बमोजिमको कार्यमा पर्न आएका तपशिलमा उल्लेखित बोलपत्रदाताहरूको बोलपत्रहरु यस नगरपालिकाको बोलपत्र मुल्यांकन समितिले सार्बजनिक खरिद ऐन २०६३,नियमावली २०६४ बमोजिम मुल्यांकन गरि सिफारिस गरेबमोजिम तपशिलमा उल्लेखित बोल्पत्रदाताहरूले न्युनतम रुपमा कबोल गरेको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही समेत रहेकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्सम्बंधित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशीत गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | काबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| 1. | 13/NCB/BTR/ 2081/082 | Daijee Chela Aaudhogik Kshetra Pahuch marg Bagun Hudai, Bedkot Municipality | Bedkot Nirman Sewa, Bedkot Municipality-03, Kanchanpur | रू. ७७,९८,११९/३५ (भ्याट र पी एस समेत) | |

**रामदत्त भट्ट**
**प्रमुख प्रशासकिय अधिकृत**



## Invitation for Bids

## Karaiyamai Rural Municipality

**Invitation for Bids No.: KRM/NCB/W/02/2081/082**

**Date of publication: 05-02-2025**

1. Karaiyamai Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Blacktopped Road Construction under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. 12660107.99 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Karaiyamai Rural Municipality,Bara,Madhesh Pradesh,Nepalor may visit PPMO websitewww.bolpatra. gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.Bidders,submitting their bid electronically,should deposit the cost(asspecifiedabove) of bidding document in the Project'sRajaswa(revenue)account as specified below and the scannedcopy (pdf format)of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| Name of the Bank: | Kumari Bank Ltd. |
| Name of Office: | Karaiyamai Rural Municipality |
| Office Code no: | 801022109 |
| OfficeAccountno: | 2610247287300005 |
| Rajaswa (revenue) Shirshak no.: | 14229 |

4. Pre-bid meeting shall be held at Office of the Rural Municipal Executive Karaiya Bara at 25-02-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh,Nepal byhand/courieror through PPMO websitewww.bolpatra.gov.np/egp onor before07-03-202512:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-03-202513:00atthe Office of theRural Municipal Executive Karaiya Bara.Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to a minimum of NRs. 350000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## कुवेतमा रोजगार

कम्पनी : SARA PLAZA HOTEL APARTMENTS COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२२ | LT. No. 299224 | चलानी नं. ६०२१४१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker/preparer | 0 | 5 | 150 | ६७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant | 4 | 0 | 130 | ५८,२९५ | | | | | | | |
| 3 | Cleaner | 3 | 0 | 100 | ४४,८४५ | | | | | | | |
| 4 | Driver | 2 | 0 | 150 | ६७,२६५ | | | | | | | |

कम्पनी : KUWAIT ARAB NEW LADIES BEAUTY SALON CO

पूर्व स्वीकृति मिति : २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२२ | LT. No. 287304 | चलानी नं. ६०२०२६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Assistance / Beautician / Salon Worker | 0 | 10 | 160 | ७१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser / Helper | 0 | 10 | 160 | ७१,७५० | | | | | | | |
| 3 | Nail Technician/manicure/pedicure | 0 | 10 | 160 | ७१,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३० गते (12th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएइमा रोजगार

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 318189 | चलानी नं. ६०२३२४०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Janitress/Cleaners | 0 | 200 | 900 | ३३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ३० गते (12th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com
श्रम ईजाजत नं. १६५२/०८०/०८१

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६२८०० | प्रति तोला – ० | प्रति तोला – १८९५ |

# लगानीको वातावरण नबिगार्न निजी क्षेत्रका तीन संस्थाको अनुरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रका तीन संस्थाले मुलुकमा लगानीको वातावरण नबिगार्न सम्बद्ध पक्षसँग अनुरोध गरेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सले आज संयुक्त रूपमा विज्ञप्ति जारी गरी कोशी प्रदेशको पाथीभरा (मक्कुम्लुङ) क्षेत्रमा केबलकार निर्माणको विषयलाई लिएर भइरहेका गतिविधिप्रति ध्यानाकर्षण भएको जनाउँदै बन्द र हडतालका कार्यक्रम तत्काल रोक्न आग्रह गरेका हुन् ।

पाथीभरा क्षेत्रमा केबलकार निर्माण परियोजनाको विषयलाई लिएर कोशी प्रदेशका जिल्लामा भइरहेको बन्द हडतालले त्यहाँको शैक्षिक, आर्थिक तथा सामाजिक जनजीवन समेत अस्तव्यस्त भएको, सर्वसाधारणले सास्ती भोग्नु परेको र यस्ता गतिविधिले मुलुकको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुने उनीहरूको भनाइ छ ।

'नेपालको समग्र आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको सर्वविदितै छ । उद्योग, व्यापार, बैंकिङ, ऊर्जा, कृषि, पर्यटन, सञ्चारलगायत अन्य विभिन्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा निजी क्षेत्रको गरेको लगानीले देशको समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ । तर विकासका कार्य रोक्न भइरहेका पछिल्ला गतिविधिले नेपालमा लगानी गर्ने स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई नकारात्मक सन्देश प्रवाह गर्ने हुनाले सम्बन्धित सरोकारवालाहहरूलाई यस विषयमा गम्भीर बन्न, विकास निर्माणको कार्यलाई सहज र निर्वाध रूपमा सञ्चालन गर्ने वानतावरण सिर्जना गर्न आग्रह गर्दछौँ', विज्ञप्तिमा भनिएको छ ।

पर्यटनमा निजी क्षेत्रले अर्बौं रूपैयाँ लगानी गरिसकेको, हजारौँ नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरिरहेको अवस्थामा पाथीभरा (मक्कुम्लुङ) मा बन्ने पर्यटकीय पूर्वाधारले त्यहाँ जान चाहने वृद्धवृद्धा, अशक्त बालबालिकासहित अन्य यात्रुहरूलाई सुरक्षित, छिटो र सुविधाजनक यात्रा उपलब्ध गराउनाका साथै पूर्वाधार निर्माणले त्यहाँको धार्मिक सांस्कृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन, कृषि, हस्तकलाको विकासमार्फत व्यवसायको प्रवर्द्धनका साथै स्थानीयका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना हुने र देशकै पर्यटन विकासमा सकारात्मक प्रभाव पार्ने विज्ञप्तिमा जनाइएको छ ।

यस्तै केबलकार निर्माणका लागि स्थानीय तह र स्थानीयहरू सहमत रहेको र बन्नुपर्छ भन्ने धारणा राखिरहेको सन्दर्भमा केबलकार बन्न दिनु हुँदैन भनेर बाह्य हस्तक्षेपसहित केबलकार निर्माणमा अवरोध हुनुलाई दुःखद मात्र नभई विकासको प्रवाहलाई रोक्ने प्रयासका रूपमा निजी क्षेत्रले लिएको समेत विज्ञप्तिमा उल्लेख छ ।

उनीहरूले विकासमा देखिएको यो अवरोध कुनै एउटा परियोजनाको विरोध मात्रै नभएर देशको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुनाका साथै नेपालमा लगानी गर्ने लगानीकर्ताहरूलाई यसले नकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् ।

यसैगरी, उनीहरूले समस्याको समाधान वार्ताबाट गर्न सकिने जनाउँदै विकासको यो प्रयासलाई सकारात्मक रूपमा ग्रहण गर्न र पाथीभरा (मक्कुम्लुङ) केबलकार परियोजनालाई सहज र निर्बाध रूपमा अघि बढाउन स्थानीय समुदाय, सम्बन्धित निकाय तथा सरोकारवालाहरूलाई निजी क्षेत्र हार्दिक अपिल गरेका छन् ।

त्यसैगरी, नेपाल उद्योग वाणिज्य महासंघका कोशी र गण्डकी र कर्णाली प्रदेशका सभापतिहरूले पनि आज छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै यस विषयमा महासङ्घ प्रदेश समितिको ध्यानाकर्षण भएको जनाएका छन् । उनीहरूले कोभिड महामारीलगायतका कारण सङ्कटमा परेको अर्थतन्त्रको विकास गरी पुरानै अवस्थामा ल्याउनका लागि नेपाल सरकार र निजी क्षेत्र लागिपरिरहेको अवस्थामा विकासका लागि भइरहेका प्रयासमा अवरोध हट्नुपर्ने धारणा राखेका छन् ।

राज्यको नियमकानुन तथा प्रणालीले स्वीकृति तथा अनुमति प्रदान गरेर तथा स्थानीय नागरिकको भावना र चाहनाबमोजिम नै निर्माण सुरु गर्दैगर्दा उत्पन्न भएको बाह्य परिस्थितिले यो आयोजनालाई जे जसरी अवरोध उत्पन्न गर्न खोजिएको छ, यसबाट नेपालको आर्थिक विकासका लागि अत्यावश्यक स्वदेशी एवं विदेशी लगानीका क्षेत्रमा पक्कै पनि सकारात्मक सन्देश दिएको जारी विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा देशका कैयौँ स्थानमा पर्यटन पूर्वाधारहरूको निर्माण गरी दशौँ हजार व्यक्तिलाई रोजगारी प्रदान गरिरहेको तथा राजस्वका माध्यमबाट मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको देशको व्यावसायिक समूहको अगुवाइमा निर्माण हुन लागेको केबलकार आयोजनाविरुद्धमा जेजस्ता क्रियाकलापहरू हाल देखिएका छन् त्यसले मुलुकमा लगानीको वातावरण बनाउने नभएर भत्काउने काम गरिरहेको आफूहरूको बुझाइ रहेको उल्लेख छ ।

नेपाल टेलिकम २१औं वार्षिकोत्सव

## 'टेलिकमले आफ्नो कामको समीक्षा गरेर अगाडि बढ्नुपर्छ'



**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) ले आफ्ना कामको समीक्षा गरेर अगाडि बढ्नुपर्ने बताएका छन् ।

टेलिकमको २१औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले टेलिकमको आम्दानी बर्सेनि घट्दै गएको र निजी क्षेत्रबाट सञ्चालित कम्पनी अगाडि आइरहेको सन्दर्भमा टेलिकमले गहिरो गरी समीक्षा गर्नुपर्ने बताए ।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरूङले भने, 'सरकारी कम्पनीमध्ये टेलिकमप्रति हामीले गर्व गरिरहेका छौँ, तर प्रतिस्पर्धी बजारमा यही पाराले टेलिकम चल्दैन, यही बेलामा हामीले समीक्षा गर्न सकिएन भने पछि पछुतो हुनसक्छ ।'

मन्त्री गुरूङले बढ्दो प्रविधिको प्रयोगलाई टेलिकमले अवलम्बन गर्दै सेवा विस्तार गरी निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने उनको भनाइ छ । उनले जनताप्रति उत्तरदायी बनाउनका लागि टेलिकममा कम्तीमा २५ प्रतिशत शेयर जनताको हुनुपर्ने बताए ।

'सुशासनसँग जोडिएको विषय इ-गभर्नेन्स हो, त्यसको लागि फोर-जी गाउँ-गाउँमा पुग्नु पऱ्यो, त्यसो गरेको खण्डमा यो क्षेत्रको विकास धेरै हुन्छ', मन्त्री गुरूङले भने । उनले अहिले पनि ग्रामीण स्थानमा टेलिकमको टावरको समस्या भइरहेको बताउँदै गुणस्तरीय र प्रभावकारी सेवामा ध्यान दिन टेलिकमका कर्मचारीलाई निर्देशन दिए ।

बढी जनसंख्या भएको मधेसका २२ वटा जिल्लामा अहिले पनि टेलिकमको उपस्थिति कमजोर रहेको जनाउँदै यो वर्ष मधेसमा पर्याप्त टेलिकमको पूर्वाधार विकास गरी अवरोधरहित सेवा-प्रवाह गर्न पनि मन्त्री गुरूङले निर्देशन दिए । उनले सामाजिक सञ्जाललाई व्यवस्थापन गर्नका लागि सरकारले 'सामाजिक मिडिया प्रयोग र नियमन गर्ने विधेयक' संसद्मा दर्ता गरेको बताए । नेपाललाई 'आइटी हब' को रूपमा विकास गर्नका लागि सञ्चार, सूचना र प्रविधिसँग जोडिएका अन्य ऐन/कानुन निर्माण तथा संशोधन गर्ने तयारीमा रहेको उनको भनाइ छ ।

सरकारका प्रवक्ता गुरूङले मुलुकको आवश्यकताको आधारमा जनताको हितको निम्ति सरकारले अध्यादेशमार्फत विधेयक ल्याउनुपरेको प्रष्ट पारे । सञ्चार मन्त्रालयका सचिव तथा टेलिकमका अध्यक्ष राधिका अर्यालले भौगोलिक रूपमा अत्यन्त विकट गाउँमा टेलिकमले सेवा विस्तार गरिरहेको सन्दर्भ उल्लेख गर्दै मुलुकलाई डिजिटलाइजेसन गर्ने सरकारको योजनामा सहयोग पुऱ्याउन सबैलाई आग्रह गरे ।

## नेप्से परिसूचकमा गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १४.०८ अङ्कले घटेर दुई हजार ७१५ दशमलव ९१ मा झरेको छ । कारोबारमा विभिन्न ३१५ कम्पनीका एक करोड ६९ लाख १७ हजार ८३५ कित्ता शेयर ९० हजार २०२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९१ करोड ९६ लाख ९७ हजार ७७५ मा कारोबार भएका छन् । साथै कर्पोरेट डेभलपमेन्ट बैंक, ग्रीन डेभलपमेन्ट बैंक र सिन्धु विकास बैंकको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबारपछि बजार पुँजीकरण रु ४५ खर्ब छ अर्ब १० करोड ९२ लाख सात हजार ९६१ पुगेको छ ।

## डोटीमा व्यावसायिक गोब्रे च्याउ उत्पादन सुरु

**डोटी (प्रस)–** दिपायल सिलगढी नगरपालिका-५ का किसान जयबहादुर शाहीले गोब्रे च्याउको व्यावसायिक उत्पादन सुरु छ । उनले दिपायल सिलगढी-५ स्थित जिरो प्वाइन्ट नजिकै जग्गा भाडामा लिएर पहिलोपटक च्याउखेती थालनी गरेका छन् ।



कन्य च्याउ उत्पादन गर्दै आएका उनले कृषि ज्ञान केन्द्रको सहयोगमा गोब्रे च्याउको पनि खेती गर्नुभएको छ । किसान शाहीले यसपटक दुई सय पोका च्याउ राखेका छन् । उनले गोब्रे च्याउका लागि आवश्यक कम्पोस्ट मल हेटौँडाबाट ल्याएर मङ्सिर ३० गते च्याउ राखेको बताएका छन् । उनले भने, 'प्रतिकिलो रु ५० का दरले २० टन कम्पोस्ट खरिद गरेको हुँ, च्याउको बीउ धनगढीबाट ल्याएँ । च्याउ उत्पादन सुरु हुञ्जेलसम्म रु दुई लाख लागत लागेको छ ।'

उनका अनुसार गोब्रे च्याउखेती गर्न अन्य च्याउको भन्दा अलि बढी मेहनत लाग्ने शाहीले बताए । कृषि जेटिएको पढेका उनले गोब्रे च्याउखेतीमा अलि बढी प्राविधिक ज्ञान चाहिने र यो च्याउखेतीका लागि कोठाको तापक्रम २२ देखि २५ डिग्री सेल्सियस सबैभन्दा उपयुक्त हुने बताए । उनका अनुसार पोका खोलिसकेपछि नियमित पानी दिने तथा तापक्रमको ख्याल गर्नुपर्छ । उनले भने, 'आजभोलि दैनिक चारदेखि पाँच किलो च्याउ बिक्री भइरहेको र बजारको खोजीका लागि केही दिनमा बजारमा निस्किने तयारी गरेको छु ।' गोब्रे च्याउको मूल्य अहिले प्रतिकिलो रु चार सय छ ।

गोब्रे च्याउको खेतीका लागि ज्ञान केन्द्रले किसान शाहीलाई लागतको ५० प्रतिशत सहयोग गरेको छ । गत वर्ष जोरायल गाउँपालिकाको राउतकट्टेमा सफल परीक्षण भएपछि चालु आर्थिक वर्षबाट गोब्रे च्याउ व्यावसायिक खेती सुरु गरिएको ज्ञान केन्द्रका निमित्त कार्यालय प्रमुख गङ्गादत्त अवस्थीले बताए । पौष्टिक तथा आर्थिक दृष्टिले निकै महत्वपूर्ण मानिने गोब्रे च्याउखेती व्यावसायिक रूपमा विस्तार गर्ने उद्देश्यले किसान शाहीलाई सहयोग गरेको उनले बताए ।

गोब्रे च्याउबाट मसरुम चिल्ली, मसरुम सुप, मसरुम पकौडालगायत परिकारका बन्ने गर्छन् । अब जिल्लामै गोब्रे च्याउको उत्पादन सुरु भएपछि यहाँका होटल तथा रेष्टुराँमा खपत हुने निमित्त प्रमुख अवस्थीको विश्वास छ । यो वर्ष ज्ञान केन्द्रले सिताके च्याउको पनि परीक्षण गरिरहेको र च्याउखेती गर्ने किसानलाई दिइने सहयोगमा निरन्तरता दिइने उनले बताए ।

## काँक्रोको बीउ बेचेर छ करोड आम्दानी

**पर्वत–** जिल्लाको फलेवास नगरपालिका-११ पांग्राङका कृषकले काँक्रोको बीउ बिक्री गरेर रु छ करोड आम्दानी गरेका छन् । विगत २५ वर्षदेखि काँक्राको बीउ उत्पादन गर्दै आएका यहाँका कृषकले यसवर्ष रु छ करोड ३० लाख आम्दानी गरेका हुन् । स्थानीय कृषक सूर्यबहादुर कुँवरको नेतृत्वमा विसं २०५७ मा नारायणस्थान बीउ उत्पादन समूह गठन गरेर व्यावसायिक रूपमा बीउ उत्पादनमा लागेका कृषकले यस वर्ष ६३ क्विन्टल काँक्रोको बीउ उत्पादन गरेका छन् ।



प्रतिकिलो रु १० हजारका दरले बिक्री गर्दा उक्त रकम भित्र्याउन सफल भएको कृषक बाबुराम भुसालले जानकारी दिए । उनका अनुसार गत वर्ष ७० क्विन्टल बीउ उत्पादन भएकामा यस वर्ष ६३ क्विन्टल मात्र भएको हो । गत वर्ष रु सात करोड आम्दानी भएको थियो । उनका अनुसार कृषकले भक्तपुरे लोकल जातको काँक्राको बीउ उत्पादन गर्दै आएका छन् ।

समूह गठन भएको सुरुको वर्ष चार किलो काँक्राको बिउ र ६५ किलो ४० दिने मूलाको बीउ उत्पादन भएको कृषक भुसालले जानकारी दिए । सुरुआतमा रु आठ सयका दरले बिक्री गरेका कृषकले अहिले मूल्य वृद्धि भएर रु १० हजारमा बिक्री गर्दै आएका उनले उल्लेख गरे ।

केही वर्ष मूला, उन्नत जातको गोलभैँडा, चम्सुरलगायत बीउ उत्पादन हुँदै आएको थियो । काँक्राको बीउबाट मनग्य आम्दानी हुन थालेपछि केही वर्षदेखि यसको मात्र व्यावसायिक उत्पादनमा गर्न थालिएको भुसालले बताए । उनका अनुसार यहाँका ७२ परिवारले व्यावसायिक रूपमा काँक्रोखेती गर्दै आएका छन् । प्रत्येक वर्ष हरेक कृषकले न्यूनतम रु पाँच लाखदेखि रु १८ लाखसम्म बीउ बिक्री गरेर आम्दानी गर्दै आएका अर्का कृषक टुकप्रसाद पौडेलले जानकारी दिए । यस वर्ष आफूले एक क्विन्टल काँक्राको बीउ बिक्री गरी रु १२ लाख आम्दानी गरेको उनको भनाइ छ ।

पौडेलले दुःख गरेअनुसारको प्रतिफल बीउ उत्पादनबाट हुने गरेकामा खुसी हुँदै भने, 'काँक्राको बीउ नगदेँ बाली हो । गाउँबाटै बिक्री गर्न पाइएको छ । बीउ उत्पादनसँगै हिउँदे आलुखेती गर्न र पोखरेली जेठो बुढो धान पनि लगाउन पाइएको छ ।' उनका अनुसार पहिले मकैखेती गर्ने बारीमा यहाँका कृषकले व्यावसायिक काँक्रो खेती गर्दै आएका हुन् ।

कृषकले फागुनको पहिलो साता रोपेको काँक्रा जेठ महिनामा तयार भई थन्क्याउने काम गर्छन् भने उत्पादित बीउलाई असारसम्ममा बिक्री गर्दै आएका छन् । यहाँ उत्पादित अधिकांश बीउ काठमाडौँको कालीमाटी बजारका व्यापारीहरूले खरिद गर्दै आएका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख पर्शुराम अधिकारीले जिल्लाको फलेबास नगरपालिका-११ पाङ्राङ र जलजला गाउँपालिका-७ धाइरिङमा व्यावसायिक रूपमा काँक्राको बीउ उत्पादन हुँदै आएको जानकारी दिए । उनले उत्पादित बीउ कृषि अनुसन्धान केन्द्र र नार्कमार्फत विभिन्न क्षेत्रमा सिफारिस गर्ने गरिएको छ भन्दै व्यावसायिक कृषकलाई केन्द्रबाट विभिन्न अनुदान र प्राविधिक सहयोग गर्ने गरिएको बताउनुभयो । पर्वतको धाइरिङका कृषकले बीउ बिक्री गरी यसवर्ष रु चार करोड भित्र्याएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ